# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २५६ | काठमाडौं | बिहीबार, ०१ माघ २०८२ | Prabhab National Daily | Thursday, 15 January 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-




**मतदान गर्ने अधिकारको प्रयोग गरौं ।**

- लोकतान्त्रिक शासन व्यवस्थामा मतदानको प्रक्रियामार्फत शासनमा सहभागी होऔं ।
- मतदानको समयमा विवेकको प्रयोग गरौं ।
- मतदान गरेर नागरिकको अधिकार र कर्तव्य निर्वाह गरौं ।
- जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गरौं ।
- निर्वाचनको माध्यमवाट शासन व्यवस्थालाई वैधता प्रदान गरौं ।
- असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरौं ।
- सुशासन कायम गरौं र सुशासनका लागि निरन्तर खबरदारी गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


# चुनावको मुखमा फुट्यो कांग्रेस

- २०१०, २०५९ पछि ३० पुस २०८२ मा फुट्यो कांग्रेस
- कांग्रेस फुट होइन, जुटका लागि भन्दै भएको देउवा र गगन-विश्वको भेटवार्ता निरर्थक
- सभापति छाड्ने, प्रधानमन्त्रीको उम्मेदवार गगनलाई बनाएर चुनावमा जानेजस्ता गगन-विश्वको प्रस्ताव देउवाले अस्वीकार गर्दा कांग्रेस एक रहेन
- पार्टी विभाजनपछि आरोप-प्रत्यारोप सुरू
- गगन, विश्व र फरमुल्ला साधारण सदस्यसमेत नरहनेगरी पाँच वर्षका लागि निलम्बित



### विशेष महाधिवेशनबाट सर्वसम्मत चयन भएका १३ पदाधिकारी

**सभापति**- गगनकुमार थापा

**उपसभापति**
विश्वप्रकाश शर्मा र पुष्पा भुसाल

**महामन्त्री**
प्रदीप पौडेल र गुरुराज घिमिरे

**सहमहामन्त्री**
डिला संग्रौला (महिला), प्रकाश रसाइली (दलित), बहादुरसिंह लामा (आदिवासी जनजाति), उदयशमशेर जबरा (खस आर्य), मुक्ताकुमारी यादव (मधेसी), फरमुल्लाह मन्सुर (मुस्लिम), योगेन्द्र चौधरी (थारु), कर्णबहादुर बुढा (पिछडिएको क्षेत्र)

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** प्रतिनिधिसभा निर्वाचनको मुखैमा देशको सबैभन्दा ठूलो लोकतान्त्रिक दल नेपाली कांग्रेस फुटेको छ । कांग्रेसको आन्तरिक जीवनमा यो तेस्रो ठूलो फुट हो । पार्टी फुटअघि जुटका निम्ति चरण-चरणमा प्रयास भए । तर, विशेष महाधिवेशनपक्षधर महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माको आठबुँदे प्रस्तावमाथि तीन बुँदामा सभापति शेरबहादुर देउवा सहमत नहुँदा पार्टी फुट्यो ।

शर्माका अनुसार देउवाले सक्रिय भूमिका निर्वाह नगर्ने र सो क्रममा उम्मेदवारीपत्रमा उनले हस्ताक्षर नगर्ने भन्ने आफूहरूको प्रस्तावमा देउवा सहमत भएनन् । गगन थापालाई आगामी प्रतिनिधिसभा निर्वाचनमा प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरेर जान पनि उनको विमति रह्यो । उम्मेदवार चयन गर्न संसदीय बोर्ड गठन गर्न पनि देउवा सकारात्मक भएनन् । बुधबार बिहान देउवा र महामन्त्रीहरू गगन र विश्वबीच भेटवार्ता भएको थियो । भेटवार्तामा सहमति नजुटेपछि गगन-विश्व विशेष महाधिवेशनस्थल भृकुटीमण्डप आए । देउवाले केन्द्रीय समिति बैठक राखे । त्यहाँ कार्यवाहक सभापति पूर्णबहादुर खड्काले गगन-विश्वलाई दोष थोपर्नुभयो । उहाँहरूले धोका दिनुभयो ।'

मंगलबार तीन चरणको वार्तामा देउवा अर्थात् संस्थापन पक्षबाट सहभागी नेता रमेश लेखकले पनि केन्द्रीय समिति बैठकमा पार्टी फुट जोगाउन नसकिएको 'ब्रिफिङ' गरेका थिए । यता गगन-विश्वले भने देउवालाई आफूहरूले बुझाउनै नसकिएको गुनासो गरेका थिए ।

केहीबेरमै देउवाले सभापतित्व गरेको केन्द्रीय समिति बैठकले गगन, विश्वसहित सहमहामन्त्री फरमुल्ला मन्सुरलाई पार्टीको साधारण सदस्यतासमेत नरहनेगरी पाँच वर्षका लागि निष्कासन गऱ्यो । पार्टी प्रचार विभाग प्रमुख मीन विश्वकर्माले विधानको अनुशासन उल्लंघन गरेर पार्टी हितविपरीत विशेष महाधिवेशन बोलाएको भन्दै कारबाही गरेको बताए । उनका अनुसार बैठकले विशेष महाधिवेशनमा सहभागी बाँकी नेता र महाधिवेशन प्रतिनिधिहरूलाई कारबाही गरेन । उनीहरूलाई जिल्ला फर्केर पूर्ववत् भूमिकामा सक्रिय रहन निर्देशन दिने निर्णय गऱ्यो ।

उता भृकुटीमण्डपबाट गगनले भने हिम्मत भए विशेष महाधिवेशनमा सहभागी २५ सय महाधिवेशन प्रतिनिधिलाई पनि कारबाही गरेर देखाउन देउवालाई चुनौती दिए ।

क्रमशः पृष्ठ २ मा

## देउवा प्रवृत्तिविरूद्ध गगनको विद्रोह

■ **जेबी योञ्जन**

**काठमाडौं-** १९ दिने जनआन्दोलनले तत्कालीन राजा ज्ञानेन्द्र शाहले घुँडा टेके । जनताको नासो जनतालाई फर्काए । तर, राजनीतिक दिशानिर्देश स्पष्ट भएन । तत्कालीन नेकपा माओवादीले प्रस्ट भन्यो- गणतन्त्र घोषणापछि संविधानसभा निर्वाचन ।

रामराजाप्रसाद सिंहले गणतन्त्रको मुद्दा पञ्चायतकालमै उठाए । १० वर्षे युद्ध गरेको माओवादीको गणतन्त्र एउटा राजनीतिक एजेण्डा थियो । तर, जतिबेला माओवादी सात दलसँग मिलेर संयुक्त जनआन्दोलनमा उत्रियो र जनआन्दोलन सफल भयो त्यसपछि माओवादीले गणतन्त्रको नारा सशक्त, दबाबपूर्ण र निर्णायक एजेण्डा बनायो । यद्यपि, गणतन्त्रप्रति आम स्वीकारोक्ति थिए ।

उता नेपाली कांग्रेस, एमालेसहितका सात दल न गणतन्त्र स्वीकार्न तयार थिए न राजतन्त्रको निरन्तरतामा नै प्रतिबद्ध



**टिप्पणी**

थिए । राजा ज्ञानेन्द्रको १५ महिने प्रत्यक्ष शासनले सात दल हैरान थिए ।

यही संक्रमणकालीन घडीमा नेपाली कांग्रेसमा नरहरि आचार्य र गगन थापा गणतन्त्रका स्पष्ट प्रवक्ता भएर उभिए । गगनले सडक मोर्चाबाट गणतन्त्रको नारा घन्काए । लाठीचार्ज सहे । गिरफ्तारी भोगे । अर्कातर्फ नरहरि आचार्यले टेलिभिजन अन्तर्वार्ता, पत्रपत्रिकाका लेख र बौद्धिक बहसमार्फत कांग्रेसभित्र र बाहिर गणतन्त्रको वैचारिक जग तयार पारे । त्यसमा प्रदीप गिरीको पनि भूमिका कम थिएन ।

यसले कांग्रेसमा आन्तरिक दबाब क्रमशः बढ्दै गयो । सडक, मिडिया र अन्तर्राष्ट्रिय वातावरणको प्रभावसँगै अन्ततः गिरिजाप्रसाद कोइराला नेतृत्वको कांग्रेस गणतन्त्रको कित्तामा उभिन बाध्य भयो ।

८ पुस २०६४ मा सात दल र माओवादीबीच सहमति भयो कि देशलाई गणतन्त्रको मार्गचित्रमा लैजाने र संविधानसभा निर्वाचन गर्ने । सोही सहमतिअनुसार २८ चैत २०६४ मा संविधानसभा निर्वाचन सम्पन्न भयो ।

त्यसको डेढ महिनापछि, १५ जेठ २०६५ मा बसेको संविधानसभाको पहिलो बैठकले २४० वर्षे राजतन्त्रको औपचारिक अन्त्य गर्दै नेपाललाई गणतन्त्र घोषणा गऱ्यो ।

क्रमशः पृष्ठ २ मा

### तेस्रोपटक विभाजित

आठ दशक लामो इतिहास बोकेको दल कांग्रेस तेस्रोपटक विभाजित भएको छ । पहिलोपटक २०१० सालमा कांग्रेस विभाजन भएको थियो । त्यसबेला बिपी र मातृकाको टकराव विभाजनको कारक थियो । २०५९ मा गिरिजाप्रसाद कोइराला र शेरबहादुर देउवाको टकरावले कांग्रेस विभाजन भयो । यसपटक उनै देउवा र महामन्त्रीद्वयको टकरावले कांग्रेस फुटेको हो ।

खासमा गगन-विश्वले जेन-जी विद्रोहपछि सुधारिएको कांग्रेस र बद्लिएको कांग्रेसको एजेण्डा जोडतोडले उठाए । नेतृत्वमा पुस्तान्तरणको एजेण्डा त चौधौं महाधिवेशनमा पनि उठेको थियो । तर, ८० वर्षे देउवा पार्टीको राजकीय सत्ता र शक्तिबाट अलग हुन चाहेनन् । अन्ततः उनको राजनीतिक बहिर्गमन पीडादायी भएको छ ।

दिए । 'महामन्त्रीहरूसँगको सहमतिमै पुसको कार्यतालिका ल्याइएको हो । तर, गर्दै जाँदा भ्याइएन । यसमा उहाँहरू आफू पन्छिएर

---

**सन्दर्भः वैदेशिक रोजगार**

श्रममन्त्रीसमक्ष संघको प्रस्तुतीकरण

## संघले औंल्यायो नीतिगत सुधारका तीन विषय

- रोजगारीमा जाने श्रमिकको लागत निर्धारण, युरोपलगायत उदयीमान गन्तव्य मुलुकको मागपत्र प्रमाणीकरण र श्रमबजारलाई प्रविधिसँग जोड्ने विषयमा श्रममन्त्रीको ध्यानाकर्षण

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले नीतिगत सुधारका तीनवटा विषय अघि सारेको छ । बुधवार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा प्रस्तुतीकरण दिँदै संघले समस्याको रूपमा रहेका मुख्य तीनवटा विषय सम्बोधन भए वैदेशिक रोजगार क्षेत्रका धेरै बेथिति अन्त्य हुने जनाएको छ ।

संघले श्रममन्त्री राजेन्द्रसिंह भण्डारीसमक्ष रोजगारीमा जाने श्रमिकको लागत निर्धारण, युरोपलगायत उदयीमान गन्तव्य मुलुकको मागपत्र प्रमाणीकरण र श्रमबजारलाई प्रविधिसँग जोड्ने विषयमा प्रस्तुतीकरण दिँदै ध्यानाकर्षण गराएको हो । वैदेशिक रोजगार क्षेत्रलाई व्यवस्थित र श्रमिकलाई सुरक्षित बनाउन उक्त सुधारहरू आवश्यक रहेको संघको दावी छ ।




संघकोतर्फबाट प्रस्तुतीकरण दिँदै महासचिव महेशकुमार बस्नेतले वैदेशिक रोजगारीले मुलुकको गरिबीलाई ४२ प्रतिशतबाट १६ प्रतिशतमा झारेकाले यो क्षेत्र कमजोर भए राष्ट्रिय अर्थतन्त्र नै जोखिममा पर्ने बताएका थिए । लोकप्रियताका लागि ल्याइएको 'फ्रि-भिसा, फ्रि-टिकट'को निर्णयले श्रमिकको लागत झन् अस्पष्ट बनाएको संघको दाबी रहेको छ ।

संघले लागत निर्धारण भए संस्थागत कारोवारमा एकरूपता आउने, विकृति घट्ने, बिचौलियाको अन्त्य हुने र राजस्वमा योगदान पुग्ने भनेको छ । २०६० वैशाख २४ गते मलेसियाका लागि ८० हजार रूपैयाँ लागत निर्धारण भएको अवस्थामा २०७२ जेठ २६ गते फ्रि-भिसा, फ्रि-टिकटको प्रावधान ल्याएपछि त्यसबेलादेखि बेथिति मौलाएको दाबी गरेको छ । संघले सो प्रस्तुतिमा सरकार आफैंले दक्षिण कोरिया र इजरायल पठाउँदा पनि श्रमिकको करिब दुई लाख रूपैयाँ खर्च भइरहेको अवगत गराएको छ ।

उक्त प्रस्तुतिमा श्रमिक पठाइरहेका छिमेकी मुलुककोसमेत उदाहरण दिँदै निश्चित सेवा शुल्कविना काम गर्न नसकिने अडान संघले प्रस्तुत गरेको छ । संघका अनुसार भारतमा ४५ दिनको तलब बराबरको शुल्क, बंगलादेशमा ८७ हजार टाका, पाकिस्तानमा चार महिनाको तलबबराबरको रकम तिर्नुपर्नेजस्ता प्रवधान छन् । रोजगारीमा जाने एक जना श्रमिकले राहदानी बनाउन, स्वास्थ्य परीक्षण, भिसा, कल्याणकारी कोष, म्यादी बिमा, सामाजिक सुरक्षा कोष, हवाइ भाडा र इजाजतपत्रवालाको शुल्क गरेर औसतमा एक लाख १३ हजार ४०० रूपैयाँ बुझाउनुपर्ने उक्त प्रस्तुतीकरणमा देखाइएको थियो । यो मलेसिया र खाडी मुलुकमा लागू हुने भनिएको छ । उक्त खर्चमा म्यानपावरको सेवा शुल्क ४५ हजार रूपैयाँ छुटचाइएको छ ।

त्यस्तै, संघले कूटनीतिक नियोग भएका सबै देशहरूले १५ दिनभित्र मागपत्र प्रमाणीकरण गरेर पठाउनुपर्ने नियम भए पनि नियोगहरूले काम गर्न नसकेको बताएको छ । पछिल्लो समय युवाहरूको आकर्षणको गन्तव्यबाटै मागपत्र प्रमाणीकरण नहुँदा उनीहरू बिचौलियाको जालमा फसिरहेको जनाइएको छ ।

क्रमशः पृष्ठ २ मा

---

**रविलाई जेन-जी सरकारको उपहार**

## संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दामा उन्मुक्ति

- सहकारी संस्थाबाट रकम गोर्खा मिडिया प्रालिमा आउने प्रक्रियामा लामिछानेको संलग्नता पुष्टि हुने प्रमाण नदेखिएको दाबी
- संगठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोग कायम राख्दा पीडितहरूले मिलापत्रको माध्यमबाट आफ्नो रकम फिर्ता पाउने न्यायको ढोका बन्द हुने महान्यायाधिवक्ताको तर्क
- रविविरूद्धको दुई गम्भीर मुद्दा फिर्ता लिनुलाई कानुनी शासनमाथि धावा बोलेको एमालेसचिव महेश बस्नेतको टिप्पणी

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेविरुद्धको संगठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोग हटाइने भएको छ । सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयहरूलाई



महान्यायाधिवक्ता सविता भण्डारी बरालले ती दुवै मुद्दा हटाउन वा फिर्ता लिन स्वीकृति दिएकी छन् ।

मुद्दा फिर्ताको स्वीकृति दिने क्रममा भण्डारीले यी दुवै कसुर कायम राख्दा पीडितहरूले मिलापत्रको माध्यमबाट आफ्नो रकम फिर्ता पाउने न्यायको ढोका बन्द हुने तर्क गरेकी छन् । स्वीकृतिसँगै अब जिल्ला सरकारी वकिल कार्यालय काठमाडौं, कास्की र रूपन्देहीले मुद्दा फिर्ता प्रक्रिया अघि बढाउन पाउने महान्यायाधिवक्ता कार्यालयका प्रवक्ता अच्युतमणि न्यौपानेले बताए । उनले प्रभावसँग भने, 'महान्यायाधिवक्ताको कार्यालयले



> महान्यायाधिवक्ताको कार्यालयले सम्पत्ति शुद्धीकरण र संगठित अपराधको मुद्दामा आवश्यक संशोधनका लागि स्वीकृति दिने निर्णय गरेको छ ।
>
> ■ **अच्युतमणि न्यौपाने**
> **प्रवक्ता, महान्यायाधिवक्ता कार्यालय**

सम्पत्ति शुद्धीकरण र संगठित अपराधको मुद्दामा आवश्यक संशोधनका लागि स्वीकृति दिने निर्णय गरेको छ ।'

लामिछानेविरुद्ध संगठित अपराधसम्बन्धी मुद्दा तीनवटै जिल्लामा छ । सम्पत्ति शुद्धीकरण मुद्दा कास्कीमामात्रै छ । महान्यायाधिवक्ता कार्यालयले गरेको निर्णयमा भनिएको छ, 'रवि लामिछाने प्रतिवादी भएको मुद्दाहरूमासमेत लगाएको

क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

## चुनावको मुखमा...

उनले आधिकारिक कांग्रेस आफूहरू भएको र सोमबार नै कांग्रेसको केन्द्रीय समिति भंग भइसकेको सन्दर्भमा कारबाही गरे भन्नु हास्यास्पद भएको बताए । उनले देउवालाई २८ असोजमा फर्किन आग्रह गरिएको पनि स्मरण गरे । जुन दिन देउवाले केन्द्रीय समिति बैठकमा लिखित पत्र वाचन गरेर सभापतिको कार्यकारी भूमिकाबाट अलग भएको सन्देश दिएका थिए । लगत्तै उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक दिए । गगन र विश्वले देउवाको यो कदमको तारिफ गरे । तर, सिंगापुरमा लामो समय उपचार गरेर फर्किएपछि उनी सक्रिय भए । यसबाट उनीहरू झनै चिढिए ।

त्यसबीच ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूको हस्ताक्षर विशेष महाधिवेशनका लागि संकलन गरे । विधानतः हस्ताक्षर बुझाएको तीन महिनामा विशेष महाधिवेशन गरिसक्नुपर्छ । त्यसअनुसार यही पुस २७ मा विशेष महाधिवेशन गर्नुपर्ने विधानको सीमा थियो । तर, हालैको कार्यसम्पादन समिति बैठकले आगामी वैशाख अन्तिम साता नियमित महाधिवेशन गर्नेगरी कार्यतालिका संशोधनको निर्णय गर्‍यो । उक्त निर्णयमा गगन-विश्वले 'नोट अफ डिसेन्ट' लेखे ।

विशेष महाधिवेशन पक्षधरहरू ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूको भावनालाई सम्बोधन गर्ने देउवालाई चेतावनी दिए । नभन्दै विशेष महाधिवेशन आह्वान भयो । बहुमत महाधिवेशन प्रतिनिधिको सहभागितामा विशेष महाधिवेशन भृकुटीमण्डपमा भयो । यसले केन्द्रीय समिति र केन्द्रीय कार्यसम्पादन समितिमा बहुमत रहेका देउवालाई सभापतिबाट अपदस्त गर्‍यो ।

■■■

## देउवा प्रवृत्तिविरूद्ध...

गणतन्त्र घोषणा गर्दा संविधानसभा बैठकको अध्यक्षता ज्येष्ठ सदस्यको नाताले कांग्रेसकै नेता कुलबहादुर गुरुङले गरे । यो गणतन्त्र घोषणाको ऐतिहासिक क्षणले गगनहरूको सपना साकार पारेको थियो ।

सायद नरहरि आचार्य र गगन थापाजस्ता नेताहरूले कांग्रेसलाई गणतन्त्रको एजेण्डामा नडोर्‍याएको भए, राजतन्त्र अन्त्य गर्ने राष्ट्रिय समझदारी सम्भव नहुन पनि सक्थ्यो । यही कारणले गगन आज पनि 'गणतन्त्रको आत्मा' को रूपमा स्मरण गरिन्छन् ।

उनै गगन मुलुकको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसको सभापति बनेका छन्, त्यो पनि विद्रोहको बलमा । शक्तिशाली सभापति शेरबहादुर देउवा अपदस्थ गरेर गगनले नेतृत्वमा पुस्तान्तरण सम्भव तुल्याए । यद्यपि, विशेष महाधिवेशनबाट चयन हुने नयाँ कार्यसमितिलाई निर्वाचन आयोगले आधिकारिता दिने नदिने निश्चित छैन ।

प्रारम्भमा महाधिवेशन प्रतिनिधिको ५४ प्रतिशत समर्थन गगनको पक्षमा थियो । विशेष महाधिवेशन चलिरहँदा यो समर्थन अझै बढ्दै गयो । यस विद्रोहको मूल निशाना थियो- नियमित महाधिवेशन परपर सार्दै पार्टीको सत्ताशक्ति कब्जामा राख्ने देउवा प्रवृत्ति । गगनको नेतृत्वमा यो प्रवृत्तिमाथि बुधबार गम्भीर प्रहार भयो । यससँगै ८० वर्षे देउवाको बहिर्गमन सम्मानजनक बन्न सकेन । उनको राजनीतिक अवसान अपमानजनक बन्यो, जसले कांग्रेसभित्र दीर्घकालीन घाउ छोड्न पनि सक्छ ।

'सुधारिएको कांग्रेस, बदलिएको कांग्रेस'को नारा घन्काउँदै गगन कांग्रेस पार्टीको शिखरमा पुगेका छन् । यहीबेला देशको संघीय लोकतान्त्रिक गणतन्त्र स्वयं धरमराएको छ । जेन-जी विद्रोहपछि संविधान घिटघिटे अवस्थामा छ । अर्थात् संविधान कोमामा छ । संघीय लोकतान्त्रिक गणतन्त्रको जग हल्लिएको छ । देशी तथा विदेशी शक्ति केन्द्रहरूको चलखेल झनै बढ्दो छ ।

यस्तो संवेदनशील समयमा गगन कांग्रेसको सभापति बनेका छन् । अब उनले निर्वाचन आयोगमा आधिकारिकता विवादको सामना गर्नुपर्ला । प्रतिनिधिसभा निर्वाचन अगाडि उनले आफ्नै शब्दमा भनेझैँ 'सुधारिएको कांग्रेस, बदलिएको कांग्रेस'लाई कति कुशलतापूर्वक हाक्न गर्न सक्छन्, त्यो ठूलो परीक्षा हुने छ ।

बुधबारदेखि कांग्रेस दुई फक्लेटोमा विभाजित देखिन्छ । त्यसमध्ये एउटाको मात्र नेता बनेर चुनावमा जाँदा प्रतिनिधिसभामा कांग्रेसको दलीय हैसियत कत्रो होला ? के गगनले गणतन्त्र जोगाउने ऐतिहासिक भूमिकालाई अब संस्थागत नेतृत्वमा रूपान्तरण गर्न सक्लान् ? यी सबै प्रश्नको उत्तर राजनीति स्वयंले दिनेछ- निकट भविष्यमा ।

■■■

## संघले औंल्यायो...

वैदेशिक रोजगार विभागमा परेका उजुरीमध्ये ९५ प्रतिशत व्यक्तिगत ठगीका उजुरी भएकाले सरकारले संस्थागत माध्यमबाट जाने बाटो खुलाएपछि यस्तो ठगी ९५ प्रतिशत घटेर जाने व्यवसायीहरूको भनाइ थियो । हाल विभागमा प्रत्येक महिनामा पाँचदेखि ६०० को हाराहारीमा व्यक्तिगत ठगीका उजुरी पर्छन् । सरकारले मागपत्र प्रमाणीकरण कार्यविधि २०८० लाई पुनः कार्यान्वयनमा ल्याउनु नै उत्तम विकल्प हुने दाबी गरिएको छ ।

सो प्रस्तुतीकरणमा व्यवसायीहरूले प्रविधिमैत्री श्रमबजार बनाउनुपर्ने विषयमा पनि जोड दिइएका थिए । डिजिटल कारोबार, अभिमुखीकरणसँग सम्बन्धित अनलाइन सामग्री, इजाजतवाला संस्थासँग सिधै सम्पर्क गर्न सक्नेलगायतका व्यवस्थाहरू आवश्यक रहेको दाबी गरिएको छ । श्रममन्त्री भण्डारीले व्यवसायीले राखेका समस्याका विषयमा मन्त्रालय सकारात्मक रहेको र तत्काल एउटा समिति गठन गरेर गर्न सक्नेजति काम गर्ने प्रतिवद्धता जनाएको महासचिव बस्नेतले बताए । सो कार्यक्रममा सबै शुभेच्छुक घटक संस्थाका प्रतिनिधि, संघको कार्यसमिति र सल्लाहकारको उपस्थिति थियो ।

■■■

## संगठित अपराध...

संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी अभियोग सम्मानित श्री कास्की जिल्ला अदालत, सम्मानित श्री काठमाडौं जिल्ला अदालत, सम्मानित श्री रूपन्देही जिल्ला अदालत र सम्मानित श्री पर्सा जिल्ला अदालतमा सम्मानित श्री चितवन जिल्ला अदालतमा भएसरह ठगी तथा सहकारी ठगीमा दाबी गरिएको अभियोग कायम गरी संगठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोग दाबी निजको हकमा कायम नरहनेगरी मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ३६ बमोजिम अभियोग संशोधन हुने गरी स्वीकृति दिने निर्णय गरिएको छ ।'

यससँगै अब रविविरुद्ध सहकारी ठगीको मुद्दामात्रै रहने भएको छ । यी मुद्दाहरू काठमाडौं, कास्की, चितवन, रूपन्देही र पर्सामा छन् । महान्यायाधिवक्ता कार्यालयको आधिकारिक वेबसाइटमा राखिएको निर्णयमा रविमाथि सहकारी ठगीबारे लागेको अभियोगको मुख्य आधार संसदीय विशेष छानबिन समिति, २०८१ को प्रतिवेदन रहेको र त्यसमा सहकारी संस्थाबाट रकम गोर्खा मिडिया प्रालिमा आउने प्रक्रियामा लामिछानेको संलग्नता पुष्टि हुने प्रमाण नदेखिएको दाबी उल्लेख छ । तर, यी दुवै मुद्दा फिर्ताको निर्णय लिने कदम चाल्नुलाई रविलाई सांसद हुँदै मन्त्री हुने बाटो खोल्नुसँग दाँजेर हेरिएको छ ।

हालै धरौटीमा छुटेका रवि आगामी २१ फागुनमा प्रतिनिधिसभा निर्वाचन लड्ने तयारीमा छन् । उनकै कमाण्डमा रास्वपा निर्वाचनमा जाँदै छ । नेकपा एमालेले रविविरुद्धको दुई गम्भीर मुद्दा फिर्ता लिनुलाई कानुनी शासनमाथि धावा बोलेको अर्थमा टिप्पणी गरेको छ । पार्टी सचिव महेश बस्नेतले रविलाई दुई अभियोगबाट उन्मुक्ति दिने महान्यायाधिवक्ता कार्यालयको निर्णय गलत र दबाबप्रेरित भएको बताए । उनले बुधबार भने, 'महान्यायाधिवक्ता कार्यालयले रवि लामिछानेविरुद्धको सम्पत्ति शुद्धीकरण र संगठित अपराधबाट चोख्याउनेगरी जे निर्णय गर्‍यो, त्यो गलत छ, त्यसले विधिको शासनको उपहास गर्छ ।'

हुन पनि सरकारवादी भएको मुद्दा फिर्तासम्बन्धी कार्यविधिअनुसार सम्पत्ति शुद्धीकरणको मुद्दा फिर्ता लिन सकिँदैन । संगठित अपराध मुद्दामा एक भन्दा बढी व्यक्ति प्रतिवादी हुनाले एक व्यक्तिको मात्र मुद्दा फिर्ता लिन मिल्दैन । तर, लामिछानेको हकमा फिर्ता लिन स्वीकृति दिइएको छ ।

यदि, रविको मुद्दा फिर्ता लिँदा गोर्खा मिडियाबाट सहकारी ठगीमा जोडिएका जीबी राइसहित सबैको मुद्दा फिर्ता लिनुपर्ने हुन्छ । तर, रविको हकमा उनी प्रतिवादी भएका दुई फरक मुद्दा फिर्ता लिने भएको हो ।

सरकारले लामिछानेविरुद्धको गम्भीर मुद्दा त्यस्तोबेला फिर्ताको प्रक्रिया सुटुक्क चाल्यो कि जतिबेला कांग्रेस विवादले देशवासीको ध्यान खिचेको छ । यस क्रममा महान्यायाधिवक्ता भण्डारीले सम्पत्ति शुद्धीकरण र संगठित अपराधको अभियोग सच्याउन स्वीकृत दिँदा संसदीय छानबिन समितिको प्रतिवेदनलाई मुख्य आधार बनाएको देखिन्छ । त्यसमा रवि प्रत्यक्ष संलग्न नरहेको र रकम गोर्खा मिडियामा आइसकेपछि सोको सञ्चालन खर्च प्रक्रियामा मात्र रविको सहभागिता देखिएको संसदीय समितिको निष्कर्ष रहेको तर्क गरिएको छ ।

संगठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोग कायम राख्दा पीडितहरूले मिलापत्रको माध्यमबाट आफ्नो रकम फिर्ता पाउने न्यायको ढोका बन्द हुने महान्यायाधिवक्ताको तर्क छ । निर्णयमा न्यून आय भएका बचतकर्ताहरूको कठिन परिश्रमबाट आर्जन गरिएको रकम यथाशक्य चाँडो फिर्ता हुने वातावरण बनाउनु राज्यको प्राथमिक कर्तव्य रहेको अर्को तर्क छ ।

संगठित अपराध र सम्पत्ति शुद्धीकरणमा सजाय भएमा बिगो रकम पीडितले पाउनुको साटो राज्यको नाममा जफत हुन सक्ने सम्भावना रहेको र यसले पीडितको मर्मविपरीत हुने तर्क गरिएको छ । संगठित अपराधको अभियोग हटेमामात्र सहकारी वा सम्बन्धित कम्पनीहरूको सम्पत्ति बेचबिखन गरी बचतकर्तालाई रकम फिर्ता गर्ने बाटो खुला रहने पनि तर्क गरिएको छ ।

सुप्रिम सहकारीका जाहेरवाला नारायणबहादुर पहराईले रवि लामिछानेविरुद्ध आफूले किटानी जाहेरी नदिएको र प्रहरीले ब्यहोरा फरक पारेर नक्कली कागज तयार गरेको भनी अदालतमा दिएको स्वघोषणालाई मुद्दा संशोधन निर्णयको आधार बनाएको छ । स्वघोषणाले मुद्दा अभियोजन गर्दाको अवस्थाभन्दा फरक स्थिति सिर्जना गरेको महान्यायाधिवक्ताको ठहर छ ।

यी तर्कका आधारमा महान्यायाधिवक्ता भण्डारीले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३६ मा रहेको दायर भइसकेको अभियोगपत्र संशोधन गर्न सकिने प्रावधानलाई टेकेर रविको महत्त्वपूर्ण दुई अभियोग फिर्ताको निर्णय गरेको देखिएको छ ।

### बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्री वितरण सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/१०/०१**

यस सिपाहीडाँडा सा.व.उ.स., हरिहरपुरगढी गा.पा. १, सिन्धुलीबाट आ.व. २०८०/०८१ मा उत्पादन भई गुर्जी मैनी बजार, हरिहरपुरगढी गा.पा. ३, सिन्धुलीमा घाटगद्दि गरी राखिएको लट नं. १ को साल जातको गोलिया थान ८३ को १०३१.६७ क्यू.फि. गोलिया काठ व्यापारिक प्रयोजनको लागि विक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**श्री सिपाहीडाँडा सा.व.उ.स.**
**हरिहरपुरगढी गा.पा.- १, सिन्धुली**

# सोरु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## जिमा, मुगु
## कर्णाली प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**मितिः २०८२।०९।३०**

यस गाउँपालिकाद्वारा मिति २०८२/०८/०१ गतेको राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन भएको बोलपत्र आव्हान (ई-बिड) को सूचनाबमोजिम रितपुर्वक पर्न आएका बोलपत्रहरू मध्ये तपसिल बमोजिमको बोलपत्रहरूको न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र दफा ४७ को प्रयोजनार्थको लागि सम्बन्धित सबै बोलपत्र दाताहरूलाई यो सूचनाद्वारा जानकारी गराइएको बेहोरा अनुरोध छ ।

| क्र.स. | ठेक्का नं. | कामको विवरण | छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल अङ्क/ दररेट (रू.) (VAT र PS सहित) | कै. |
|---|---|---|---|---|---|
| १ | SRM/MUGU/ NCB/WORKS/ BC/07/2082/83 | The construction of the School Building of Bhawani Ma Vi Purumuruma 4 Kothe Bhawan Nirman | M/S N. B. R Construction And Suppliers, Chhayanath Rara - 03, Mugu (PAN: 619711063) | 4,886,863.45 | |
| २ | SRM/MUGU/ NCB/WORKS/ BC/08/2082/83 | The construction of the School Building of Bijayaa Aawashiya Vidhyalaya Thulachaurko 4 Kothe Bhawan Nirman | M/S Royal Himalayan Engineering /Subha Nirman J/V, Gamgadhi, Mugu (PAN: 610391695, 619812670) | 4,542,834.70 | |

**प्रमुख प्रशासकीय अधिकृत**

# माथिल्लो डोल्पाका चार हजार मतदाता मतदानबाट वञ्चित हुँदै

**डोल्पा-** आगामी फागुन २१ गते निर्वाचनमा माथिल्लो डोल्पाका चार हजार ३६६ मतदाता मतदान गर्नबाट वञ्चित हुने अवस्था देखिएको छ ।

हिमाली जिल्ला डोल्पा भौगालिक रूपमा विशाल र विकट छ । माथिल्लो डोल्पाको शे-फोक्सुण्डो गाउँपालिका, छार्काताङसोङ गाउँपालिका र डोल्पोबुद्ध गाउँपालिकाभित्र बसोबास गर्ने बासिन्दा कात्तिकको अन्तिमदेखि चैतको अन्तिमसम्म मौसमी बसाइँसराइ गरी तल्लो डोल्पालगायत तराईका विभिन्न स्थानमा बसोबास गर्ने गर्दछन् ।

डोल्पाको उच्च भेगमा हिउँदमा हिमपातसँगै अत्यधिक जाडो हुने भएको हुँदा यहाँका बासिन्दा करिब पाँच महिना गाउँ छाड्ने गर्दछन् । माथिल्लो डोल्पाका सबै नागरिक तराई तथा अन्य विभिन्न स्थानमा झरेका छन् । यो समय गाउँमा कुनै पनि मतदाता छैनन् । कात्तिक-मंसिरमा परेको हिमपातले माथिल्लो डोल्पाका सबै नाका बन्द छन् ।

मतदाता गाउँ तथा मतदानस्थलमा जानसक्ने अवस्था छैन । यदि फागुन २१ मा निर्वाचन हुने हो भने राज्यले वैकल्पिक उपाय बनाइदिनुपर्ने अवस्था आएको शे-फोक्सुण्डो गाउँपालिकाका अध्यक्ष धावा सम्दुक गुरुङले बताए । माथिल्लो डोल्पाका नागरिक पनि राज्यका नागरिक भएको हुँदा मतदान गर्ने वातावरण बनाउन पनि अध्यक्ष गुरुङले आग्रह गरे ।

आगामी प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि डोल्पाबाट जम्मा २४ हजार ११५ ले मतदान गर्न पाउने भएका छन् । जिल्ला निर्वाचन कार्यालयले दोहोरिएका, मृत्यु भएका, बसाइँसराइ गरेकालगायतका मतदाता नामावली अध्यावधिकपछि अन्तिम नामावली सार्वजनिक गरेको छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं १ रहेको डोल्पामा आउँदो फागुन २१ गते हुने निर्वाचनका लागि २४ हजार ११५ मतदाताले मतदान गर्न पाउने छन् । डोल्पाको त्रिपूरासुन्दरीमा सबैभन्दा धेरै मतदाता रहेका छन् भने सबैभन्दा कम मतदाता छार्काताङसोङ गाउँपालिकामा रहेका छन् । त्रिपूरासुन्दरीमा छ हजार ८०५, ठूलीभेरी नगरपालिकमा पाँच हजार ४७५, मुड्केचुला गाउँपालिकामा तीन हजार २८५ र जगदुल्ला गाउँपालिकामा एक हजार ७८४ मतदाता रहेका छन् ।

यस्तै काइके गाउँपालिकामा दुई हजार ४००, शे-फोक्सुण्डो गाउँपालिकामा दुई हजार १३०, डोल्पोबुद्ध गाउँपालिकामा एक हजार २५३ र छार्काताङसोङ गाउँपालिकामा ९८३ मतदाता रहेका जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । *रासस*

### ट्रेकिङ गाइड लाइसेन्स हरायो

मिति २०८२ पौष २० गतेको समयमा पुतलीसडक जाने क्रममा मेरो नाममा रहेको ट्रेकिङ गाइड लाइसेन्स हराएको हुँदा पाउनहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**लाइसेन्सको प्रकार : ट्रेकिङ गाइड लाइसेन्स**
**लाइसेन्स नं : ९७०६**
**लाइसेन्स धनी : सागर ढकाल**
**अस्थायी ठेगाना : बुढानिलकण्ठ-१२, कपन**
**सम्पर्क नं.: ९८४९३२८४९९**

### बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्री वितरण सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/१०/०१**

यस **त्रिवेणी सा.व.उ.स., कमलामाई न.पा. १, सिन्धुली**बाट आ.व. २०८०/०८१ मा उत्पादन भई निपाने त्रिवेणी क्षेत्र, कमलामाई न.पा. १, सिन्धुलीमा घाटगद्दि गरी राखिएको लट नं. १ को साल जातको गोलिया थान ५३ को ३८६.४४ क्यू.फि. गोलिया काठ र २.०० चट्टा दाउरा व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री त्रिवेणी सा.व.उ.स., कमलामाई न.पा.- १, सिन्धुली**

### मोटरसाइकल हरायो

मिति २०८२/०९/२८ गते का.जि. टोखा नगरपालिका, टोखा, धापासीमा पार्किङ गरी राखेको कालो/रातो रंगको पल्सर २२० सिसि मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीः पुरन सिंह धामी**
**बाइक नं. :बा.प्र.०२-०६१ प ७०१२**
**च्यासिस नं.:** MD2A13EX2SCE85846
**इन्जिन नं.:** DKXCSD33411
**सम्पर्क नं.: ९८६५८८५२८०**

## नेपाल उसु महासंघको साधारणसभा सम्बन्धी सूचना

नेपाल उसु महासंघको निर्णय बमोजिम तपसिलमा उल्लेखित स्थान, मिति र समयमा साधारणसभा हुने भएकोले कार्य समिति, पदाधिकारीहरू, प्रदेश, जिल्ला र क्वान प्रतिनिधिहरू लगायत सम्पूर्ण प्रतिनिधि, अतिथि लगायत सम्पूर्णमा उपस्थितिको लागि हार्दिक अनुरोध छ ।

मितिः २०८२ माघ २४ गते शनिवार ।
स्थानः ले हिमालयन होटेल, लाजिम्पाट, काठमाडौं ।
समयः बिहान १० बजे ।

**आयोजक**
**नेपाल उसु महासंघ**


### कुवेतमा रोजगार

कम्पनी : DELIVERY CENTER COMPANY FOR DELIVER CONSUMER ORDERS AND OTHERS

पूर्व स्वीकृति मिति : २०८२/०९/३० | LT. No. 337098 | चलानी नं. ६०२५०६१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Indoor) | 3 | 0 | 100 | ४६,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Light Driver | 21 | 0 | 140 | ६५,६८० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ ८ गते (22nd Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Ganapati Overseas Pvt.Ltd.**
Sinamangal -9 Kathmandu, Mob: 9851002766, 9813951511, 9851023416, 9851058015,
Email: ganapatioverseas8093@gmail.com
श्रम ईजाजत नं. २५८/०५८/०५९

### युएइमा रोजगार

कम्पनी : MAZRUI & HAWI PAINTING COMPANY - W L L

पूर्व स्वीकृति मिति : २०८२/०९/३० | LT. No. 336708 | चलानी नं. ६०२५०६४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaner | 100 | 0 | 1200 | ४७,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ ८ गते (22nd Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम ईजाजत नं. ८३३/०६६/०६७

### साउदीमा रोजगार

कम्पनी : EITINAA HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०९/३० | LT. No. 336778 | चलानी नं. ६०२५०६२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING AND UNLOADING WORKER | 20 | 0 | 1000 | ३८,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ ८ गते (22nd Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९७१/०६७/०६८
**Reliance Recruitment Services Pvt. Ltd.**
Maharajgunj, Chakrapath, Kathmandu, Nepal. Tel: +977-1-4419528 / 4419763,
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np

## सिटिजन्स Gen-Z बचत खाता (Citizens Gen-Z Savings Account) को खाता विशेषतामा परिमार्जन सम्बन्धी जानकारी

प्रकाशित मितिः २०८२/१०/०१

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले आफ्ना आदरणीय ग्राहक महानुभावहरूको सुविधालाई ध्यानमा राख्दै लोकप्रिय बचत खाता "Citizens Gen-Z Savings Account" अन्तर्गत प्रदान गरिने डिजिटल सेवाहरूको शुल्क तथा संरचनामा यहि माघ ०१, २०८२ देखि देहाय बमोजिम परिमार्जन गरेको व्यहोरा सहर्ष जानकारी गराउँदछौं:

- **नि:शुल्क E-com Card** : अब यो खाता खोल्नुहुने ग्राहकहरूले E-com Card पहिलो बर्षको लागि नि:शुल्क प्राप्त गर्न सक्नुहुनेछ र यो सेवा लिनु ऐच्छिक (Optional) हुनेछ।
- **परिमार्जित बन्डल शुल्क** : अब डेबिट कार्ड, मोबाइल बैंकिङ्ग र इन्टरनेट बैंकिङ्ग गरी ३ वटा सेवाहरू एकमुष्ट लिँदा लाग्ने वार्षिक शुल्क मात्र रु. ५०१/- गरिएको छ ।

थप जानकारीका लागि बैंकको नजिकैको शाखा कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ।

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

Citizens Bank

THE BANKER BANK OF THE YEAR 2024 NEPAL
THE BANKER BANK OF THE YEAR 2025 NEPAL



**निर्वाचन प्रहरीका आकांक्षी** | आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि खुलेको निर्वाचन प्रहरीमा आवेदन दिन जिल्ला प्रहरी परिसर काठमाडौंमा बुधबार युवायुवतीहरूको भीड । *तस्बिर: रासस*

# ऐतिहासिक ढुंगेसाँघु माघे संक्रान्ति मेलाको सांस्कृतिक विरासत

■ जमुनावर्षा शर्मा



**पोखरा–** 'ढुंगे साँघुको मेलामा... भेट भएको बेलामा' देउराली ब्याण्डको यो कालजयी लोकपप गीतले धेरैलाई 'नोस्टाल्जिक' बनाउँछ । तर यो गीतका शब्दमा मात्र सीमित छैन, पोखरा महानगरपालिका-१७ महतगौंडास्थित सेती नदीको किनारमा रहेको ढुंगेसाँघुले पोखराको आदिम इतिहास, भूगोल र धार्मिक आस्थाको एक विशाल कालखण्ड पनि बोकेको छ । हरेक वर्ष माघ १ गते लाग्ने माघे संक्रान्ति मेला यहाँको केवल उत्सवमात्र होइन यो त पुर्खाको सभ्यता र प्रकृतिको अद्भुत 'इञ्जिनियरिङ'को कला पनि हो ।

सेती नदीको गहिरो खोँचमाथि एउटै विशाल शिलामा प्राकृतिक रूपमा तेर्सिएर बनेको यो साँघु मानवीय श्रमबिनै निर्मित एक अद्भुत सेतु हो । आधुनिक सिमेन्ट र फलामे पुलहरू बन्नुअघि निर्मलपोखरी, भरतपोखरी र कास्कीका दक्षिणी भेगका बासिन्दाका लागि पोखरा बजार छिर्ने मुख्य गौंडाका रूपमा यो परिचित थियो । यसले पोखरा महानगरपालिका वडा नं १५ र १७ लाई जोड्छ ।

हिन्दूशास्त्रअनुसार माघ १ गते सूर्य धनुबाट मकर राशिमा प्रवेश गरी उत्तरायण सुरु हुने अत्यन्तै शुभ दिन हो, जसलाई 'देवताहरूको दिन' को आरम्भ मानिन्छ । यसदिन बिहानैदेखि ढुंगेसाँघुमा श्रद्धालुहरूको घुइँचो लाग्छ । पवित्र सेतीमा मकर स्नान गर्दा पाप पखालिने र पुण्य मिल्ने विश्वासका साथ हजारौं भक्तजन यहाँ आउँछन् । पहिले-पहिले मेला तीन दिनसम्म चल्थ्यो ।

बजार विस्तार नभएको समयमा कास्की र आसपासका जिल्लाबाट मानिसहरू वर्षभरि आवश्यक घरायसी सामग्री खरिद गर्न यहाँसम्म आउँथे । आज सुरक्षा र ठाउँको अभावका कारण मेला एक दिनमै सीमित भए पनि यसको रौनक भने बढिरहेको स्थानीय लोकराज कोइराला बताउँछन् ।

ऐतिहासिक दस्तावेजका आधारमा मेलाको ठ्याक्कै सुरुआत मिति नखुले पनि विक्रम संवत् १८६४ तिरका प्रमाणहरूले यसको प्राचीनता पुष्टि गर्ने सदा शिवजी सिद्धेश्वर हरिहर मन्दिर समितिका अध्यक्ष एवं महोत्सव मुल समारोह समिति संयोजक नरेन्द्र भण्डारी बताउँछन् । ढुंगेसाँघुको सम्बन्ध केवल भूगोलसँग मात्र होइन त्रेता युगसँग जोडिएको जनश्रुतिसँग पनि गाँसिएको छ ।

धार्मिक विश्वासअनुसार भगवान् राम र सीता वनवासका क्रममा यही बाटो हिँडेको र सीता माताले सेती नदी तर्न यही ढुंगाको प्रयोग गरेका कारण 'सीता पाइला' नामाकरण गरिएको भन्ने जनश्रुति छ,' भण्डारीले भने, 'यहाँ आज पनि राम-सीता बसेको विश्वास गरिने चौतारीमा एउटै वृक्ष भएर झाँगिएका वर-पीपल देख्न सकिन्छ ।'

भजन कीर्तन, मौलिक लोक संस्कृति र आधुनिक कलाको सम्मिश्रणले मेलालाई जीवन्त बनाउँदै लगेको र स्थानीय कला र संस्कृतिको संरक्षण गर्दै प्रकृतिको यो अनुपम उपहारलाई विश्वमाझ चिनाउन ढुंगेसाँघु मेलाले महत्त्वपूर्ण भूमिका खेलिरहेको संयोजक भण्डारीको भनाइ छ । उनका अनुसार सीतापाइलास्थित करिब ६५० वर्ष पूरानो इतिहास बोकेको हरिहर मन्दिर, १०८ शिवलिंग, १०८ गौमुखी जलधारा, अकला माताको मन्दिर, शुक्ला गण्डकीको स्नान-दर्शन, हरिहर कुण्डको दर्शनजस्ता धर्मसंस्कृतिसँग जोडिएका ऐतिहासिक सम्पदाका कारण यस क्षेत्रको गरिमा र महिमा बढेको हो । यहाँ रहेका १०१ हवन कुण्डमध्ये इतिहासको रूपमा मुख्य एक कुण्ड हरिहर भगवान्को छत्रछायाँमा रहेको छ ।

संसारकै गुप्त तीर्थ मानिने यस क्षेत्रमा आठ हात भएका हरिहर भगवान्को दुर्लभ मूर्ति, बेला-मौकामा जीवको दर्शन हुने बताइन्छ । २०४९ सालमा योगी नरहरिनाथ गुरुबाट सम्पन्न कोटिहवनको स्मृति बोकेको यस पवित्रभूमिमा ऐतिहासिक गण्डकी शतकुण्डीय गायत्री कोटिहवन विराट ज्ञान महायज्ञ सम्पन्न भएको थियो । यस किसिमको पवित्र भूमि यसै क्षेत्रस्थित हरिहर मन्दिरको स्वामित्वमा रहेको छ । विभिन्न कालखण्डमा ठूला-ठूला सन्त-महात्माको आगमन भएको यो स्थल मकर संक्रान्ति (माघ १) मा विशेष मेलाका लागि प्रसिद्ध हुँदै गएको हो ।

पोखरा महानगरपालिका-१७ की अध्यक्ष राधिका शाही योगी ढुंगेसाँघु मेलाले पोखराको धार्मिक पर्यटनलाई नयाँ उचाइ दिन सफल भएको बताउँछिन् । उनले भनिन्, 'पुर्ख्यौली सभ्यताको संरक्षण मात्र होइन, यो मेला पोखराको पहिचान पनि हो । पहिला व्यापारको मुख्य थलो रहेको स्थान चट्टानी बनावट र सेतीको सुसेलीसँगै आकर्षक धार्मिक र प्राकृतिक पर्यटकीय गन्तव्यमा रूपान्तरित भएको छ, यसको व्यापकरूपामा प्रचारप्रसार हुन आवश्यक छ ।'

शाहीले ढुंगेसाँघुको मेला धार्मिक र आर्थिक गतिविधिसँगै विभिन्न जात-जाति, भाषाभाषी र समुदायका मानिसहरू एकै ठाउँ भेला भएर उत्सव मनाउने थलोको रूपमा विकसित भएको बताइन् । धार्मिक मान्यताअनुसार भगवान् श्रीराम र माता सीताले स्नान तथा दर्शन गरेको स्थान, संसारकै दोस्रो प्राकृतिक ढुंगेसाँघुको पुल जसले सिद्धेश्वर हरिहर क्षेत्रलाई धार्मिक पर्यटनको महत्त्वपूर्ण गन्तव्य बनाएको छ । प्रकृति र संस्कृतिको अद्भूत संगम रहेको ढुंगेसाँघु पोखराको एक जीवित संग्रहालय भएको र यस्ता ऐतिहासिक, प्राकृतिक र धार्मिक सम्पदाको संरक्षण हाम्रो साझा दायित्व भएको उनको भनाइ छ ।

मेलाको अर्को विशेषता परम्परागत फलामे औजारहरूको प्रदर्शनी र बिक्री हो । बागलुङग पर्वत, स्यांजा, बुटवल, धादिङ, म्याग्दी र कास्कीलगायत विभिन्न स्थानबाट आएका शिल्पकारहरूले हातले बनाएका आँसी, दाउ, कुटो, कोदालो, बञ्चरो, बाउसोको फाली, दिउरी र कराई बिक्रीका लागि ल्याउँछन् । *रासस*

# सरकारी कामकाजमा मातृभाषा कार्यान्वयन चुनौतीपूर्ण

■ प्रभाव संवाददाता

**पाटन (ललितपुर)–** सरकारी कामकाजमा मातृभाषा कार्यान्वयन अझै पनि चुनौतीपूर्ण रहेको सरोकारवालाले बताएका छन् । नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) को उपत्यका प्रदेश समितिले 'समृद्धिको आधार: पूर्ण समावेशी सञ्चार' नाराका साथ आज 'फोनिज संवाद' आयोजना गरेको थियो ।




सो संवादमा बागमती प्रदेश सरकारले कामकाजी भाषाको रूपमा प्रयोगमा ल्याइरहेको नेपाल भाषा र तामाङ भाषाको कार्यान्वयन, समस्या र चुनौतीका सन्दर्भमा छलफल गरिएको थियो । छलफलमा आदिवासी जनजाति आयोगका अध्यक्ष रामबहादुर थापामगरले मातृभाषा संरक्षण र प्रवर्द्धनका लागि विनियोजित बजेट अपुग भएकाले थप व्यवस्था गर्नुपर्ने बताए ।

'नीति तथा कार्यक्रम बनाएर बजेट छुटचाइएको हुन्छ, सरोकारवालाले कुराभन्दा पनि काममा ध्यान दिनुपर्छ,' उनले भने । उनले आदिवासी जनजातिका पक्षमा आएका माग सम्बोधनका लागि सरकारलाई सिफारिस गरेर पठाइएको जानकारी दिए ।

नेपाल आदिवासी जनजाति महासंघका महासचिव दिवस राईले संविधानमा भएको व्यवस्थाअनुसार संघीय कार्यान्वयनको एउटा महत्त्वपूर्ण पाटो मातृभाषाको संरक्षण र सरकारी कामकाजको उपयोगमा ल्याउने व्यवस्था कार्यान्वयन गर्नु भएको उल्लेख गरे । उनले आदिवासी जनजातिको भाषा, संस्कृति र लिपिको संरक्षण र व्यावहारिक कार्यान्वयनका लागि राज्य र सरकार दुवैले ध्यान दिएर लाग्नुपर्नेमा जोड दिए ।

बागमती प्रदेशका संस्कृति तथा पर्यटन मन्त्रालयका उपसचिव पवनकुमार पोखरेलले अस्थिर सरकार हुँदा ऐन, नियम बनाउने र बजेट तथा नीति कार्यक्रम कार्यान्वयन गर्न समस्या भएको बताए । उनले भाषागत प्रशिक्षण, साहित्यको विकासका लागि बजेट छुटचाइएको भए पनि सरोकारवालाहरूले बजेट मागका लागि नआउँदा खर्च हुन नसकेको बताए ।

भाषा आयोगका कायममुकायम सचिव डाक्टर लोकबहादुर लोप्चनले बागमती प्रदेशले नेवारी र तामाङ भाषाका भाषा प्रशिक्षक राखेर प्रशिक्षण र अनुवादक राखेर सरकारी कामका लागि सहजीकरण गरेको जानकारी दिए । फोनिजका केन्द्रीय अध्यक्ष लक्की चौधरीले भाषिक लवज र मातृभाषालाई जोगाएर राख्नका लागि सो भाषा बोल्ने मानिसको संख्या वृद्धि हुनुपर्नेमा जोड दिए ।

फोनिजको उपत्यका प्रदेश समितिका अध्यक्ष प्रशान्त मालीले सरकारले कमजोर वर्ग र राज्यको नीतिगत तहमा पहुँच नपुगेकाहरूको पहुँच अभिवृद्धि गर्दै राज्यको मूल प्रवाहमा ल्याउन उचित नीतिगत व्यवस्थाका साथै बजेट व्यवस्थापन गर्नुपर्नेमा जोड दिए ।

# स्वास्थ्य मन्त्रालयलाई कृत्रिम मानव 'मेन्किन' हस्तान्तरण

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई नर्वेस्थित 'लेर्डल ग्लोबल हेल्थ'ले कृत्रिम मानव 'मेन्किन' (सिमुलेसन मोडल) हस्तान्तरण गरेको छ ।

बुधबार यहाँ आयोजित कार्यक्रममा मन्त्रालयका प्रवक्ता तथा स्वास्थ्य आपत्कालीन सेवा केन्द्रका प्रमुख डा. प्रकाश बुढाथोकीलाई सो संस्थाका प्रमुख कार्यकारी अधिकृत क्यारोलिन माइक्लेबस्ट लिन्डेले उक्त कृत्रिम मानव 'मेन्किन' हस्तान्तरण गरेका हुन् । सो अवसरमा स्वास्थ्यमन्त्री डा. सुधा गौतमले नेपालको स्वास्थ्य प्रणालीमा सहयोग गरेकामा धन्यवाद दिँदै नेपालको स्वास्थ्य सुधार गर्न सहयोगी संस्थाको ठूलो योगदान रहेको बताइन् ।

उनले जेन-जी आन्दोलनका बेला स्वास्थ्य आपत्कालीन सेवा केन्द्र र यसका स्वास्थ्य उपकरणमा क्षति भएको उल्लेख गर्दै क्षति भएको उपकरण उपलब्ध गराएकामा सराहना व्यक्त गरिन् । मन्त्री डा. गौतमले नर्वे र नेपालको स्वास्थ्य क्षेत्रमा सहकार्य जारी राख्नुपर्ने भनाइ राखिन् ।

नेपालका लागि नर्वेका राजदूत डाग्नी म्योसले नेपालमा आपत्कालीन प्रणालीलाई थप सेवा गर्न तयार रहेको बताए । मन्त्रालयका प्रवक्ता बुढाथोकीले ११ वटा कृत्रिम मानव 'मेन्किन' नि:शुल्क रूपमा प्राप्त भएको जानकारी दिए । उनका अनुसार नौ वटा ठूला मानिस र दुई वटा बालबालिका कृत्रिम मानव प्राप्त भएको छ । तिनलाई सातवटै प्रदेशमा एक/एकवटा र एकवटा स्वास्थ्य आपत्कालीन सेवा केन्द्र र तीनवटा स्वास्थ्य तालिम केन्द्रमा राखिने छ ।

'कम्प्युर प्रविधिबाट बनाइएका ती मेन्किनले मानिसजस्तै चिच्याउने, हाउभाउ दिने गर्दछन्,' उनले भने, 'जसले गर्दा हामीलाई आपत्कालीन बेला कुन तरिकाले उपचार गर्ने भन्ने कुरा ती कृत्रिम मानवबाट सिक्न सकिन्छ ।'

लेर्डल ग्लोबल हेल्थका प्रमुख कार्यकारी अधिकृत लिन्डेले नेपाल जस्तो मुलुकलाई आफूहरूले आपत्कालीन स्वास्थ्य उपचारमा सहज होस् भनेर नि:शुल्क उपलब्ध गराएको बताए । मन्त्रालयका प्रवक्ता बुढाथोकीले सो संस्थाबाट प्राप्त उपकरण करिब ५० लाख रूपैयाँबराबरका रहेको बताए ।

## बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्री वितरण सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२/१०/०१**

यस **नौलो सिर्जनशील सा.व.उ.स., कमलामाई न.पा. १, सिन्धुली**बाट आ.व. २०८०/०८१ मा उत्पादन भई थुनुवा चौर, कमलामाई न.पा. १, सिन्धुलीमा घाटगद्दि गरी राखिएको लट नं. १ को साल जातको गोलिया थान ३७ को ३४७.४१ क्यू.फि. गोलिया काठ र १.०० चट्टा दाउरा व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री नौलो सिर्जनशील सा.व.उ.स., कमलामाई न.पा.- १, सिन्धुली**


## युएइमा रोजगार

कम्पनी : SOLUTIONS INVESTMENTS SERVICES - L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०९/३० | LT. No. 337124 | चलानी नं. ६०२५०६३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 40 | 0 | 1000 | ३९,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 25 | 0 | 1500 | ५९,१३० | | | | | | | |
| 3 | Carpenter Asst | 50 | 0 | 1200 | ४७,३०५ | | | | | | | |
| 4 | Mason | 10 | 0 | 1500 | ५९,१३० | | | | | | | |
| 5 | Steel Fixer | 25 | 0 | 1500 | ५९,१३० | | | | | | | |
| 6 | Steel Fixer Assistant | 50 | 0 | 1200 | ४७,३०५ | | | | | | | |

कम्पनी : EXPLORER FOR EMPLOYMENT SERVICES - LLC

पूर्व स्वीकृति मिति : २०८२/०९/३० | LT. No. 337126 | चलानी नं. ६०२५०६३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 50 | 0 | 1500 | ५९,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Plumber | 50 | 0 | 1500 | ५९,१३० | | | | | | | |
| 3 | Scaffolder | 50 | 0 | 1500 | ५९,१३० | | | | | | | |
| 4 | Welder Assistant | 50 | 0 | 1200 | ४७,३०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ ८ गते (22nd Jan. 2026) मा हुनेछ ।

कम्पनी : SOLUTIONS INVESTMENTS SERVICES - L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०९/३० | LT. No. 337125 | चलानी नं. ६०२५०६३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 40 | 0 | 1000 | ३९,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 25 | 0 | 1500 | ५९,१३० | | | | | | | |
| 3 | Carpenter Asst | 50 | 0 | 1200 | ४७,३०५ | | | | | | | |
| 4 | Mason | 10 | 0 | 1500 | ५९,१३० | | | | | | | |
| 5 | Steel Fixer | 25 | 0 | 1500 | ५९,१३० | | | | | | | |
| 6 | Steel Fixer Assistant | 50 | 0 | 1200 | ४७,३०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ ८ र ९ गते (22 & 23 Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं.१६२४/०७९/०८०

**F.S WORKER AGENCY PVT. LTD.**
Maharajgunj-4, Kathmandu, Nepal, Contact no.:+977-1-5914593, 5914594
+977 984-0981074, +977 981-6381760, Email: info@fsworkeragency.com.np

## साउदीमा रोजगार

कम्पनी : HASSAN FARHAN YAHYA AL-MALIKI CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०९/३० | LT. No. 337083 | चलानी नं. ६०२५०६४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office Cleaner | 3 | 0 | 1000 | ३८,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ ८ गते (22nd Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ७९७/०६५/०६६

**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com

## कुवेतमा रोजगार

कम्पनी : PRIME FOOD RESTARURANTS MANAGEMENT CO.

पूर्व स्वीकृति मिति : २०८१/०४/३२ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०९/३० | LT. No. 309083 | चलानी नं. ६०२२३७२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 9 | 0 | 100 | ४६,९९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Restaurant Service Crew | 7 | 0 | 120 | ५६,३९९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ ८ गते (22th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC. 904/067/068

**DECENT EMPLOYMENT PVT. LTD.**
Samakhushi, Townplanning, Kathmandu, Nepal, Ph. No: +977-014973104
E-mail : cv.decentemployment@gmail.com, decentemploymentnepal@gmail.com, Website : www.decentemployment.com.np

## साउदीमा रोजगार

कम्पनी : DUBAIB & SULAIM COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०९/३० | LT. No. 337044 | चलानी नं. ६०२५०६४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Operator | 1 | 0 | 2500 | ९६,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ ८ गते (22nd Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1082/073/74

**NEPAL HR SOLUTION PVT. LTD.**
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Tel: 01-01-4593555/4593554
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com

## साउदीमा रोजगार

कम्पनी : WURUD ABDULLAH MULLA ALHARBI

पूर्व स्वीकृति मिति : २०८२/०९/३० | LT. No. 337101 | चलानी नं. ६०२५०६४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | itchen Helper | 12 | 0 | 1200 | ४६,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ ८ गते (22nd Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले | १०,००० | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Paradeshi Overseas Services Pvt. Ltd.**
Kathmandu Metropolitan-7, Mitrapark Umakunda Marga, Nepal, Tel: +01-5914513
Email: info@paradeshioverseas.com.np & paradeshiservices@gmail.com, Website: www.paradeshioverseas.com.np
Govt. License 387/059/060

## युएइमा रोजगार

कम्पनी : Hamza Zaheer Tecnnical Services L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०९/३० | LT. No. 337028 | चलानी नं. ६०२५०६२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1500 | ५९,१३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 2 | 0 | 1500 | ५९,१३२ | | | | | | | |
| 3 | Painter | 2 | 0 | 1500 | ५९,१३२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ ८ गते (22nd Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**BON MANPOWER PVT.LTD.**
Sinamangal 9, Kathmandu, Nepal, Tel: +977-1-4479751, 4479851, Mobile - 9803960700, 9843361254, 9849744429
9817554717,9841144866, 9847016713, Email: bonmanpower1@gmail.com
श्रम इजाजत नं. 1514/074/075

## साउदीमा रोजगार

कम्पनी : SAWSAN SAEED ALYAMI COMPANY FOR CONTRACTING

पूर्व स्वीकृति मिति : २०८२/०९/३० | LT. No. 337072 | चलानी नं. ६०२५०६३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 11 | 0 | 1000 | ३८,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AWSAN SAEED ALYAMI COMPANY FOR UMBRELLAS

पूर्व स्वीकृति मिति : २०८२/०९/३० | LT. No. 337073 | चलानी नं. ६०२५०६३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 11 | 0 | 1000 | ३८,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ ८ गते (22nd Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**WORKFORCE SERVICES PVT. LTD.**
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## विदेशमा जल्नुपर्ने बाध्यता कहिलेसम्म ?

मुलुकमा रोजगारीको अभावमा हजारौं नेपाली छिमेकी मुलुक भारतमा पुग्ने गरेका छन् । भारतमा मजदुरीका लागि जानु उनीहरूको बाध्यता हो । सरकारले भारतको रोजगारीलाई अन्य मुलुकसरह वैदेशिक रोजगारीको मान्यता दिएको छैन । कारण खुला सीमा र विना राहदानी भारतमा आउजाउ गर्न सकिने । अनि भारतमा काम गर्न जाँदा श्रम स्वीकृतिको जरुरी पनि रहँदैन । सोही कारण भारतमा कति नेपाली रोजगारी गरिरहेका छन् भन्ने आधिकारिक तथ्यांक सरकारसँग छैन । वैदेशिक रोजगारीमा अन्य मुलुक जाने नेपालीहरूले पाउने सुविधासमेत भारतमा जानेहरूले पाउँदैनन् । वैदेशिक रोजगारबाट आउने रेमिटचान्सको हिसाबमासमेत भारतमा कमाएर नेपाल भित्र्याइने रकम समेटिँदैन ।

भारतमा रोजगारीका लागि जानु जति सजिलो छ, त्यसरी जानेहरूको जीवन उत्तिकै जोखिममा छ । विभिन्न दुर्घटना र समस्यामा परेका समाचार बेलाबेलामा आइरहन्छ । तर, सरकारले यस्तो जोखिम न्यूनीकरणमा खासै ध्यान दिएको छैन । भारतमा काम गर्न जानेहरूलाई अन्य देशमा जानेहरूलाई सरह मान्यता नदिनु उनीहरूमाथि सरासर अन्याय हो । आखिर उनीहरूले पनि कमाएर नेपालमा रहेका आफनो घरपरिवारको खर्च जोहो गरिरहेका हुन् । भारतबाट भए पनि रकम भित्र्याइरहेकै हुन् । यसमा राज्यको विभेद किन ? यो प्रश्न जटिल बनेको छ ।

हालै भारतमा रोजगारीमा गएका एकै परिवारका नौ जना नेपालीको मृत्यु भएको खबर आएको छ । हिमाचल प्रदेशको सोलन जिल्लाको अर्कीबजारमा मंगलबार बिहान करिब २:०० बजेतिर आगलागी भयो । ग्यास सिलिण्डर विष्फोट भएपछि माथिल्लो तलामा बसिरहेका नेपाली श्रमिक र तिनका परिवार आगोमा परे । सल्यानको सिद्धकुमाख गाउँपालिका–२, टाकुरागाउँका नौ जनाको जलेर मृत्यु भएको दुःखद खबरले सारा नेपालीलाई पोलेको छ यतिबेला । तर, राज्यलाई यसले कति पोल्यो ? थाहा छैन ।

मुलुकमा पटक–पटक राजनीतिक परिवर्तन आए पनि जनताको अवस्थामा परिवर्तन आएको छैन । जनताको अवस्थामा परिवर्तन आउन उनीहरूलाई आफ्नो क्षमताअनुसारको रोजगारी स्वदेशमै पाउने अवसर सिर्जना गर्नुपर्छ । त्यसो हुन नसक्दा सयौंको संख्यामा नेपालीहरूले विदेशमा ज्यान गुमाइरहेका छन् । राजनीतिक अस्थिरताको सिकारमा परेका छन् विकटका जनता । संघीयतासहितको गणतन्त्रबाट जनताले परिवर्तनको अनुभूति गर्न पाउने आशा आशामै सीमित भएको छ । यो अवस्था तोड्न राज्यको नेतृत्वकर्ताहरूको ध्यान जाओस् ।

श्रम सरोकार

## सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

**के-के छन् फाइदा ?**

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।


**योगदान रकम कसरी जम्मा गर्ने ?**

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

**नियमित योगदान नगरे के हुन्छ ?**

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

# सबै समुदायको साझा माघे संक्रान्ति



❑ पदम श्रेष्ठ

"सूर्य उत्तरायणतर्फ लाग्दा दिन लामो हुँदै जाने पर्वका रूपमा लिने गरिन्छ । देवघाट, तारुका, वेत्रावतीलगायत देशका विभिन्न नदी त्रिवेणीमा नुहाएर पितृ तर्पण, दान गरी मनाइन्छ । माघे संक्रान्तिलाई जसले जे जसरी मनाए पनि मूलरूपमा प्राकृतिक पुजन पद्धतिअनुसार कन्दमुल, माछा मासु खाएर मनाइन्छ । यस पर्वमा खाइने घिउ चाकुले जाडो चिसोलाई सहन सक्ने शक्ति प्रदान गर्दछ भन्ने मान्यता रहेको पाइन्छ । माघे संक्रान्ति माघ १ गते सूर्य उपासनाका रूपमा मनाइएता पनि छुट्टाछुट्टै प्रणाली पद्धतिअनुरुप छुट्टाछुट्टै प्रकारबाट मनाउँछन् । तीमध्ये थारु समुदायमा मनाइने माघी विशेष नयाँ वर्षको रूपमा मनाइन्छ ।

सम्भवतः सबै नेपालीले एक साथ मनाउने साझा पर्व हो, माघे संक्रान्ति । तराईका थारु हुन् वा मगरहरू माघीलाई नयाँ वर्षका रूपमा मनाउँछन् भने काठमाडौंवासी नेवारहरूले माघे संक्रान्तिलाई ध्यो चाकु सँल्हुका नाउँमा घिउ, चाकु, तरुल, माछा, मासु खाएर भव्य मनाउँछन् । मधेसी समुदायमा यस दिनलाई तिलको परिकार बनाएर खाइखुवाई तिला संक्रान्तिका रूपमा मनाइन्छ । पूर्वी नेपालका किराँत र हिमाली समुदाय शेर्पा, थकाली, तामाङ, गुरुङ आदि समुदायमा पनि नयाँ वर्ष येलेदोङ, ल्होछार प्रारम्भको दिनका रूपमा लिइन्छ माघीलाई । अत्यधिक पिछडिएका समुदाय राउटे, कुसुण्डामात्र होइन राज्यसत्तामा पहुँच बनाएका क्षेत्री ब्राह्मणसम्मले मनाउँछन् माघे संक्रान्ति ।

सूर्य उत्तरायणतर्फ लाग्दा दिन लामो हुँदै जाने पर्वका रूपमा लिने गरिन्छ । देवघाट, तारुका, वेत्रावतीलगायत देशका विभिन्न नदी त्रिवेणीमा नुहाएर पितृ तर्पण, दान गरी मनाइन्छ । माघे संक्रान्तिलाई जसले जे जसरी मनाए पनि मूलरूपमा प्राकृतिक पुजन पद्धतिअनुसार कण्दमुल, माछा मासु खाएर मनाइन्छ । यस पर्वमा खाइने घिउ चाकुले जाडो चिसोलाई सहन सक्ने शक्ति प्रदान गर्दछ भन्ने मान्यता रहेको पाइन्छ । माघे संक्रान्ति माघ १ गते सूर्य उपासनाका रूपमा मनाइएता पनि छुट्टाछुट्टै प्रणाली पद्धतिअनुरूप छुट्टाछुट्टै प्रकारबाट मनाउँछन् । तीमध्ये थारु समुदायमा मनाइने माघी विशेष नयाँ वर्षको रूपमा मनाइन्छ ।

### थारूको नयाँ वर्ष माघी

नयाँ वर्ष माघीमा तराईका आदिवासी थारुहरू गणपञ्था प्रथाअनुरूप गाउँका मुख्य थकाली बडघर, गाउँका पुजारी चिरकीया, चिट्ठीपत्र सूचना आदानप्रदान गरिदिने चौकीदार यही माघीका अवसरमा छान्ने, गठन गर्ने गरिन्छ । थारु समुदायको कविला राज्यको शासन प्रशासन सञ्चालनको नमूनालाई निरन्तरता दिन गाउँका संरक्षक भनिने गुरुवा, पुजारी चिरकीया, घरमुली अर्थात् गरधुरिया चुन्ने गरिन्छ । यसरी चुन्ने परम्परालाई माघी दिवानी भनिन्छ । कमैया, हलयिा, हरूवा, चरुवा, दादी परम्पराको बेला माघीकै दिन कमैया फुकाउनेदेखि नयाँ सम्झौता गर्नेसमेत गरिन्थ्यो । माघीमा विशेष परिकार बनाएर खाने खुवाउने तथा आपसी सद्भावका साथ साताभरि मनाउने गरिन्छ ।

नयाँ वर्ष माघीमा घोंगी, मुसा, गँगटो, संुगुरको मासुका परिकारसहित ढिकरी, रोटी खाने खुवाउने गरिन्छ । घर परिवार सबै एकै ठाउँमा भेला भई आफूभन्दा ठूला मान्यजनबाट अशीर्वाद लिने, खानपिन, नाचगान गरी माघी नयाँ वर्ष थारुहरू भव्य रूपमा मनाउँछन् ।

### माघीको भोलिपल्ट कहार्ने

माघीको भोलिपल्ट दाजुभाइले दिदीबहिनीलाई कहार्ने भन्दै चामल, नुन, मासको दाल र अन्य सामग्री उपहारस्वरूप पठाउँछन् । घर वा गाउँका मुलीबाट आशीर्वाद लिने नयाँ वर्षको मुख्य साखः हो यो । कविला राज्य सञ्चालनार्थ थारु समुदायको प्रथा चलाउने माघी नै आजसम्म पनि निरन्तर चलिरहेको छ । नेवारमा गुठी परम्पाराजस्तै कानुनी राज्यको नमूना व्यवस्था हो यो माघी कहार्ने परम्परा । १० वर्षे माओवादी जनयुद्धअघि पञ्चांग्रेसको (पञ्च कांग्रेसको राज्य व्यवस्था रहेको बेलासम्म) तराईमा कमैया, हलिया, चरुवा प्रथा रहेको थियो । हो, त्यही बेलाको कुरा हो, माघीको यसदिन साहु महाजनबाट बोल कबोल गरी थारु युवायुवतीलाई कामदारको रूपमा एक वर्षका लागि लाने गरिन्थ्यो । गणतन्त्र, धर्मनिरपेक्षता, समानुपातिक समावेशीय राज्य व्यवस्थासहितको संघीयताको संविधान जारी भएपछि थारु, दलित समुदायमा व्यापक बाध्यात्मक कुप्रथाको अन्त्य भए पनि यो कुप्रथाको हचाङ अझै बाँकी नै छ तर माघे संक्रान्तिका दिन हुने कामदार किनबेच कारोबारचाहिँ रोकिएको छ ।

### ध्यो चाकु सँल्हु

घिउ, चाकु, राँगाको मासु, चिउरा, पालुंगोको साग, तरुल, सखरखण्ड आदि परिकार खाने खुवाउने गरिन्छ नेवार समाजमा माघे संक्रान्तिका दिन । घरकी मुली वा आमा बज्यैको हातबाट कान र तालुमा तेल घसी दिने र भोलिपल्ट वा अघिल्लो शनिबार छोरीज्वाइँ वा भाञ्जाभाञ्जीलाई बोलाएर खुवाइन्छ । त्यसैले यस दिनमा नेवार समुदायमा घिउ, चाकु, कण्दमुल तरुल, यलय् पल, चिउरा मासुका परिकार खाने खुवाउने हुँदा यस दिनलाई ध्यो चाकु सल्हुँका नाउँबाट मनाइन्छ । यस दिन खाइने घिउ, चाकुले उपत्यकाको जाडोलाई सहनसक्ने शक्ति प्रदान गर्ने विश्वास गरिन्छ । माघे संक्रान्तिलाई सौर्य उपासनाको दिनका रूपमा पनि लिने हुँदा भक्तजनहरू बिहान घाम उदाउनु अगाडि नै नदीको दोभान, त्रिवेणीजस्ता तीर्थस्थलहरूमा पुगी स्नान गर्ने अनि आमा, अजी वा मुलीको हातबाट तालु, नाभी र कानमा शुद्ध तोरीको तेल लागाइदिने गरिन्छ ।

### खिचडी पर्व

सूर्य उत्तरायणबाट दक्षिणायणतर्फ लाग्दै जाने विश्वासका साथ क्षेत्री, बाहुन समाजमा खिचडी पर्वका रूपमा मनाइन्छ । यसदिन शिवजीको आराधना गर्दै पशुपतिनाथ, गोकर्णको उत्तरगया, नारायणगढको देवघाट नदीको दोभान, बेत्रावतीको त्रिवेणीमा स्नान गरी पवित्र हुने गरिन्छ । पितृ स्मृतिमा श्राद्ध, देवीदेवतालाई पुजा गरी घिउ चाकु तिलौरीका परिकार खाने खुवाउने गरिन्छ । साथमा यसदिन चोखो बनाएर पकाएको खिचडी खाइन्छ । यसका लागि गोकर्ण, देवघाट, पाल्पाको रुरुमा पनि भव्य नुहाउनेको मेला लाग्ने गर्दछ ।

### तिला संक्रान्ति

तराई-मधेसका समुदायमा तिलका परिकार बनाएर खाने, खुवाउने र सूर्य देवताको उपासना गर्ने गरिन्छ । तिलका परिकारलाई, तिलौरीसम्मका परिकार खाइने हुँदा यस समुदायमा माघे संक्रान्तिलाई तिला संक्रान्ति भनिएको हो । मधेसी समुदाय पनि यसदिन थारु समुदायसँगै वा छुट्टाछुट्टै छठ पर्वमा जस्तै नदी, तलाउ, इनार वा पोखरीमा नुहाउन जाने, चोखो भई घरमा शुद्ध तरिकाले तिलका परिकार तिलको लड्डुलाई (एक प्रकारको गोलफुकी सखरको डल्लो), कचौडी, पकौडी, झाँजर आदि देवतालाई चढाएर खाने खुवाउने गरिन्छ ।

### मगर समुदायको नयाँ वर्ष

जसरी थारु समुदायले माघीलाई नयाँ वर्षका रूपमा मनाउँदै आइरहेको पाइन्छ, त्यसैगरी मगरात भुमीका आदिवासी मगर समुदायमा पनि भव्य नयाँ वर्षकै रूपमा मनाइन्छ । सुँगुर, बंगुरको मासु पकवानदेखि मगर र थारु समुदायले आफूलाई भगवान् बुद्धकै वंशज मान्ने कुरामा पनि समानता पाइएको छ । तराईको थारुवान् र पहाडको मगरात भुमी एकै परिवेशमा रहनुले पनि यी दुई समुदायमा कतै न कतै समानता रहेको प्रमाणित गर्न सकिन्छ । काठमाडौंको टुँडिखेलामासमेत मगर र थारु समुदायले भागबण्डा गर्दै नयाँ वर्ष माघी एकसाथ मनाउँछन् ।

### राउटे, कुसुण्डा र चेपाङको पनि दसैं माघे संक्रान्ति

यी तीनवटै लोपोन्मुख वन जीवन्त समुदायका मुख्य पर्वमध्ये साउने संक्रान्ति र माघे संक्रान्ति पनि एक हो । यसदिन सिमे, भुमे, मस्टो पूजा गरी कुखुरा, बोका वा अन्य जीवको बली दिने र कन्दमुलसहितको परिकार बनाएर खाने मौलिक परम्परा पाइन्छ । प्रत्येक छ महिनामा मनाइने साउने संक्रान्ति र माघे संक्रान्तिका दिन चोखोनितो गरी पितृ स्मरण र पूजा गरी मनाइन्छ । विशुद्ध प्राकृतिक पर्व माघे संक्रान्तिलाई अप्रत्यक्षरूपमा नयाँ वर्ष सूर्य उपासनाको अवसरका रूपमा मनाइन्छ ।

### किराँती यलम्बर सम्वत्

सौर्य आधारमा यलम्बर सम्वत् माघे संक्रान्तिबाटै थाल्नेमा एकमत छन् किराँतीहरू । प्रथम किराँती राजा यलम्बरको नाउँमा स्थापित येले सम्वत् संसारको सबैभन्दा पहिला तीन किराँत (वल्लो, माझ र पल्लो किराँत) का पुर्खा सुमेरियनवासीले थालेको तथ्य छ । इ.पू. ३५०० वर्ष अगाडि किराँती राज्यमानी २००७ जोड्दा येले सम्वत् ५५०७ हुन आउँछ । प्रथम किराँती राजा यलम्बरदेखि ३२ पुस्ता २६७२ वर्ष किराँती राज्य नेपालमा रहयो । राई, लिम्बू, याख्या, सुनुवारमात्र नभई किराँतभित्रका धिमाल, मगर, कोचे, मेचे, हायु, दनुवारसमेत ऐक्यबद्ध हुने विश्वास येले सम्वत्वादीको छ ।

सामान्यतः पृथ्वीले सूर्यको परिक्रमा गर्न ३६५ दिन लाग्दछ । विश्वमै पहिलो पञ्चांग (क्यालेण्डर) इ.पू.४००० वर्ष पहिले मिश्रवासीको मान्यता छ । तर डिबी आङबुङले किराँत इतिहास इ.पु. १० हजार वर्ष पहिले क्यास्पियन सागरका पुर्खादेखि समेट्दै आएको हुँदा विश्वका प्राचीन येले सम्वत् पनि हो । बेबिलोनियनहरूले इ.पू.२००-३०० वर्ष पहिले ३५४ दिनको एक वर्ष र २९ दिनको एक महिनाको क्यालेण्डर बनाए । युनानी क्यालेण्डरमा २९ दिन नै एक महिना भयो । प्राचीन क्यालेण्डर इ.पु. ७५३ मा रोमन सम्राट जुलियस सिजरले बनाएको युलियन क्यालेण्डरभन्दा येले सम्वत् प्राचीन सम्वत्का रूपमा राष्ट्रिय मान्यता मागेको छ ।

यस प्रकार हामीले सम्वत्को प्रचलन थाल्दा जसले जुनसुकै नाउँ र समयमा गणना गरिँदा पनि चन्द्रमास वा सूर्यका आधारमा गरणा गरी मनाइन्छ । ज्योतिषीय हिसाव किताब अति जटिल हुने भएकोले हामी सर्वसाधारणले तिथि र मितिलाई गणना गर्दा निम्न तरिकाबाट जोड घटाउ गर्दा कुन देशकाले मनाउने पात्रो बुझ्न सहज हुन्छ भनी निर्क्योल गर्न सकिन्छ । जे होस् देशमा प्रचलित गज्याङमज्याङ सम्वत्हरूलाई राष्ट्रको नाउँमा एउटै नेपाल सम्वत् चलाएको भन्नेचाहिँ निश्चित गर्न सकिन्छ । नेपाल सम्वत् एउटा फगत एउटा सम्वत्मात्र नभएर राष्ट्रिय पहिचान हो भने जेन हेनरी डचुनाले विश्वभरका युद्धपीडित आत्माहरूको सेवा गर्न स्थापित रेडक्रसभन्दा हजार वर्ष अगाडि नेपालका राष्ट्रिय विभूति शंखधर साख्वाले थालेको समाज सेवाको नमूना सम्वत् पनि हो ।

पाठक मञ्च

## सरकारझैं नेताहरूलाई पनि आर्थिक संकट !

सरकारले २०७९ वैशाख ३० गते स्थानीय तहको निर्वाचन गरायो । त्यसै वर्षको मंसिर ४ गते प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचन पनि गरियो । त्यतिबेला उम्मेदवारी दिनेहरूले लाखदेखि करोड खर्च गरेर पार्टीबाट टिकट लिएका थिए । चुनाव जित्नका लागि वडाध्यक्षले करोड र सांसदले १० करोडसम्म खर्च गरेका छन् ।

कतिपयले एक भोटको पाँच हजार रूपैयाँसम्म तिरेका छन् । ठूलो खर्च गरेर चुनाव जित्ने काम भएको छ । कतिपयले त ठूलो खर्च गरेर पनि चुनाव हारे । चुनाव लड्नलाई कतिपयले आफ्नो घरखेत नै बेचेका छन् । जायजेथो बेचेर उनीहरूले चुनावमा खर्च गरे । कतिपयले चुनावकै लागि आफ्नो सेयर बेचे ।

बैंक तथा वित्तिय संस्थाबाट ऋण लिएर पनि चुनाव लड्ने काम भयो । तीन वर्षअगाडि बैंक, सहकारी, लघुवित्त, फाइनान्सले बिनाधितो ऋण दिन्थ्यो । चुनावमा अधिकांश निर्माण व्यवसायी लडेका थिए । उनीहरूका लागि त्यतिबेला सहज वातावरण थियो । सबैभन्दा बढी कमाइ गर्ने क्षेत्र निर्माण थियो । तर, अहिले निर्माण व्यवसायीकै बिल्लीबाठ भएको छ । सरकारले उनीहरूको ४५ अर्ब भुक्तानी रोकेर राखेको छ । जसका कारण उनीहरूलाई चुनाव लड्न समस्या छ । भुक्तानी माग्दै उनीहरू सरकारका धाइरहेका छन् तर सरकार दिनसक्ने अवस्थामा छैन । आउँदो फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन तोकिएको छ ।

यद्यपि, अहिले पहिलेजस्तो खर्च गर्ने स्रोत कसैसँग छैन । टिकटका लागि पार्टीलाई बुझाउने पैसा त छैन । पार्टीले टिकट दिए पनि चुनावमा खर्च गर्न सक्ने स्थिति छैन । चाहेर पनि पैसा निकाल्ने ठाउँ छैन । किनकि आर्थिक क्षेत्र डामाडोल बन्दै गएको छ । सहकारी डुबिहाल्यो, भागिहाल्यो ।

बैंक आफैं संकटको अवस्थामा छ । बैंकले भोलिदेखि पाँच लाखभन्दा माथि रकम दिँदैन । घरजग्गा बेचौं, दाम ह्वात्तै घटेको छ । पहिले आनाकै ६० लाखदेखि १४ करोड जाने जग्गाको मूल्य नै छैन । ३२ सयको सेयर २५ सयमा झरेको छ । पैसा छैन, खर्च नगरिकन भोट पाइँदैन । पैसा नबाँडेसम्म, मासु र रक्सी नखुवाएसम्म जनताले भोट दिँदैनन् । हार्नलाई किन चुनाव लड्नु ? पैसा नभएकै कारण यसपटकको चुनावमा धेरै उम्मेदवारी दिनबाट पछि हट्दै छन् । चाहेर पनि चुनाव लड्न सक्ने स्थिति छैन । उम्मेदवारहरूले पार्टी र जनताको बानी बिगारे । पार्टीलाई टिकटबापत करोडौं खाने स्वाद परिसकेको छ ।

जनतालाई भोटको पैसा आउँछ भन्ने छ । यिनीहरूले नसिकाएको भए पार्टी र जनताको बानी बिग्रिँदैनथ्यो । नेताहरूले 'आफ्नो खुट्टामा आफैं बञ्चरो' हान्ने काम गरेका छन् । पहिले संसद्मा अधिकांश ठेकेदार र निर्माण व्यवसायी हुन्थे । संसद्मा ठेकेदार र निर्माण व्यवसायीले राज चलाएका थिए ।

यसपटक दृश्य केही फेरिने देखिएको छ । भुक्तानीका लागि रोइलो गरिरहेका अधिकांश निर्माण व्यवसायी चुनाव नै नलड्ने देखिन्छ । अहिले चुनाव लडेर फाइदा छैन भन्ने पनि उनीहरूले बुझिसकेका छन् । देशको ढुकुटी टाट पल्टिएको अवस्थामा छ । सरकारसँग पैसा छैन, राजस्व उठेको छ ।

व्यापार व्यवसाय डामाडोल अवस्थामा छ । सरकार कटौतीका लागि सरकारले आयोजनाहरू भटाभट रद्द गरिरहेको छ । सबैभन्दा बढी भ्रष्टाचार हुने निर्माणतर्फ हो । निर्माण आयोजना नै नभएपछि कहाँबाट भ्रष्टाचार गर्ने ? भ्रष्टाचार नगरिकन चुनावमा गरेको खर्च कसरी उठाउने ? त्यसैले पनि धेरै चुनाव नलड्ने भएका हुन् । आउँदो निर्वाचनबाट निर्वाचित भएका जनप्रतिनिधिलाई सरकारले तलब खुवाउन सक्ने स्थिति छैन । देशमा ३८ हजार जनप्रतिनिधि छन् । एउटा जनप्रतिनिधिलाई मासिक ५० हजारदेखि तीन लाख रूपैयाँसम्म तलब दिनुपर्छ ।

सवारीसाधन, स्वकीय, पत्रिका, टेलिफोन, घरभाडालगायतका सुविधाको खर्च छुट्टै छ । सरकारले यो खर्च थेग्नसक्ने अवस्था छैन । मुलुक वैदेशिक ऋणको दलदलमा फसिरहेको छ । वैदेशिक ऋण २९ खर्ब ४२ अर्ब नाघिसकेको छ । सो ऋणको ब्याजमै बर्सेनि ठूलो रकम खर्च हुने गरेको छ । महालेखापरीक्षकको कार्यालयले सरकारको आम्दानीभन्दा खर्च बढी भएको बताउँदै आएको छ । राजनीतिक दलहरूले राजनीतिलाई जागिर बनाए । राजनीतिलाई कमिसन खाने, आफ्नो मान्छे जागिर लगाउने, ठेक्कापट्टा गर्ने थलो बनाइयो । जसको असर आज मुलुकले खेपिरहेको छ ।

कुनै समय राजनीति सेवा थिए । २०४६ सालअघिका जनप्रतिनिधिले तलब लिँदैनथे । बैठक बसेको दिन भत्ता र खाजा खर्चचाहिँ दिइन्थ्यो । तलब, सरकारी गाडीलगायतका सुविधा हुँदैनथ्यो । तर, देशमा बहुदल आएपछि राजनीति भ्रष्टाचार गरेर पैसा कमाउने अखडा बन्दै गयो ।

सेवासुविधाका लागि नेताहरूले देश नै धितो राखेर ऋण ल्याउने काम गरे । दान भनेको के हो ? उनीहरूले राम्ररी बुझेका थिए । दान पैसामा खरिदबिक्री हुँदैन भन्ने उनीहरूलाई थाहा थियो । तर, अहिलेका नेताहरूलाई दानलाई समेत पैसामा किनबेच गरे । मतदान भनेको मत दान गर्ने हो ।

विडम्बना, मतदान पनि किनबेच हुन थाल्यो । पहिले जनताले पढेका थिएनन् तर उनीहरूमा इमान्दारिता थियो । च्यातिएको लुगा र चप्पल लाउँथे तर नैतिकता बेचेका थिएनन् । अहिले मान्छे सुकिलामुकिला भए तर उनीहरूमा इमान्दारिता र नैतिकता रहेन । जनताले कहिल्यै यो कुरा बुझेनन् कि मत किन्नु आफ्नो खुट्टामा आफैं बञ्चरो हान्नु हो । जनताले नेताको अनुहार देख्ने निर्वाचनमा मात्र हो । निर्वाचनमा भोट माग्छन्, जितेपछि फर्किएर पनि हेर्दैनन् । सुरक्षाकर्मीको घेराउमा हिँड्ने, जनता नभेट्ने, जनताको समस्या नसुन्ने, देशविदेश घुम्ने, महलजस्तो घरमा बस्ने पनि कहीँ नेता हुन्छन् ?

- **अनुसा थापा**, भक्तपुर

# वादी समुदायको न मेटियो जातीय विभेद, न फेरियो जीवन



■ राजेन्द्रप्रसाद पनेरू

**कञ्चनपुर–** डडेलधुराको नवदुर्गा गाउँपालिका-५ ढोंणको त्यो कलिलो उमेर, जतिबेला पदम राना वादी मात्र १७ वर्षका थिए । उनीभित्र एउटा ठूलो विद्रोहको बीउ पलाइसकेको थियो । त्यो विद्रोह केबल अभावविरुद्ध मात्र थिएन, त्यो त शताब्दीऔंदेखि आफ्नो समुदायमाथि लादिएको अपमान र अछूतको बिल्लाविरुद्ध पनि थियो ।

आज ५५ वर्षको उमेरमा कञ्चनपुरको कृष्णपुर नगरपालिका-२ गुन्यालफाँटामा बसेर अतित नियाल्दा पदमलाई लाग्छ- समय धेरै फेरियो, व्यवस्था फेरियो, देशमा गणतन्त्र पनि आयो तर वादी समुदायको अवस्था जहाँको त्यहीँ छ । उनी भन्छन्, 'न त हामीमाथि हुने जातीय विभेद मेटियो, न त जीवन नै फेरियो ।' पहाडमा रहँदा उनका बुबाले गाउँका साहुको घरमा हलो जोत्थे । हलो जोतेबापत पाइने थोरै चामल, दाल र नुनले परिवारको प्राण धानिएको थियो । नयाँ लुगा र मीठो खान पाउनु उनीहरूका लागि सपनाजस्तै थियो । 'साहुले दिएका पुराना र फाटेका कपडामै हाम्रो वर्ष बित्थ्यो,' पदम विगत सम्झँदै भन्छन् ।

घरबासका लागि थोरै जग्गा भए पनि त्यसले जीवन धान्न सक्दैनथ्यो । फुर्सदको समयमा पदमका बुबाले कुमालेको काम गर्थे । माटोबाट सुल्पा, हुक्का र गाग्री बनाएर गाउँ-गाउँ डुली खलोमा बेच्नु वादी समुदायको पुर्ख्यौली पेसा थियो । त्यसबाट आउने थोरै अन्न (खलो) ले घरको अतिरिक्त खर्च टारिन्थ्यो । तर गरिबीभन्दा पनि गहिरो पीडा सामाजिक विभेदको थियो । कथित उपल्लो जातका व्यक्तिहरूले छोएको पानी खान त परको कुरा, झुक्किएर छुन पुग्दा पनि 'छोइछिटो' हालेर अपमान गर्थे । 'मान्छे भएर पनि मान्छेलाई यस्तो व्यवहार किन ?' यही प्रश्नले पदमको बाल मनलाई सधैँ घोचिरहन्थ्यो ।

विभेद र अभाव सहन नसकी २०४५ सालतिर पदमका बुबाले साहुको हलो छाडेर परिवारसहित तराई झर्ने निधो गरे । माटोको काम गरेर जम्मा गरेको अन्न बेचेर केही रकमलाई बाटो खर्च बनाएर उनीहरू कञ्चनपुर पुगे । कहाँ बस्ने ठेगान थिएन । अन्ततः पूर्व-पश्चिम राजमार्गको गर्जमुनीमा सानो झुपडी बनाएर बस्ने निधो भयो । त्यहाँ पदमको परिवार एक दशकसम्म बस्यो । पछि वन अतिक्रमणकारी भनेर त्यस ठाउँबाट भगाइयो । सानै उमेरमा आमा बितेकाले पदमको पालनपोषण मावलीमा भएको थियो । तराई झर्ने बेलामात्र बुबाले उनलाई साथमा ल्याएका थिए । बस्दै आएको ठाउँबाट भगाइएपछि पदम बुबासँगै काम खोज्दै भारत पसे ।

भारतको मुम्बईमा मजदुरी गर्दै गर्दा बाल्यकालमा भोगेको छुवाछूतको पीडाले झनै पोल्न थाल्यो । उनी प्रवासी नेपालीहरूको संगठन 'नेपाली एकता समाज' मा आबद्ध भए । त्यहाँ हुने राजनीतिक बहस, दलित र उत्पीडित समुदायमाथि हुने शोषण र त्यसविरुद्धको संघर्षका कुराले उनलाई नयाँ बाटो देखायो । त्यही बेला नेपालमा माओवादी जनयुद्ध सुरु भइसकेको थियो । 'थिचोमिचोमा परेका समुदायको वास्तविक मुक्ति जनयुद्धबाट मात्र सम्भव छ भन्ने कुराले मलाई तान्यो,' उनी भन्छन् । विवाह भइसकेको अवस्थामा पनि पदमले २०५५ सालमा प्रवासबाटै आन्दोलनमा होमिने निधो गरे । श्रीमतीलाई सुटुक्क पहाड पुऱ्याएर कसैले थाहा नपाउनेगरी भारत फर्किए ।

भारतबाट सिधै उनी घरपरिवारलाई थाहा नै नदिई रोल्पाको मोर्चामा सामेल भए । जनमुक्ति सेनामा आबद्ध भएका पदमले आफ्नो जीवनका ऊर्जावान् वर्षहरू युद्धकै मैदानमा खर्चिए । उनी सेक्सन कमाण्डरहुँदै कम्पनी भिसीसम्म भए । उनी रोल्पाका विकट पहाडदेखि तराईका फाँटसम्म मुक्तिका गीत गाउँदै र बन्दुक बोक्दै हिँडेको युद्ध लडेको सम्झना गर्छन् । उनीभित्र एउटै सपना थियो-एउटा यस्तो नयाँ नेपाल, जहाँ कसैले कसैलाई जातको आधारमा हेप्न नपाओस् र कसैले भोकै बस्नु नपरोस् । लामो संघर्षपछि देशमा शान्ति प्रक्रिया सुरु भयो ।

पदम 'स्वेच्छिक अवकाश' लिएर जनमुक्ति सेनाबाट बाहिरिए । अवकाशपछि पाएको थोरै रकमले उनले कृष्णपुरको गुन्यालफाँटामा केही जग्गा किनेर सानो घर बनाए । उनलाई लाग्यो, अब जीवनले नयाँ मोड लिने छ तर नियतिले उनलाई फेरि ठग्यो । २०६४ सालमा बनहरा नदीमा आएको बाढीले उनको घरजग्गा सबै बगायो । एकै रातमा उनी फेरि सुकुम्बासी बने । अहिले पदम दुई कट्ठा जग्गामा 'जनता आवास' कार्यक्रमबाट पाएको केही रकम र छोराले भारतमा मजदुरी गरेर कमाएको पैसा थपेर बनाइएको सानो घरमा बस्छन् तर जीवनको साँझ-बिहानको छाक जुटाउने संघर्ष भने अझै सकिएको छैन । 'मुक्तिका लागि लामो समय आन्दोलनमा लागियो तर अझै पनि खाना जुटाउनकै समस्या छ,' उनी पीडा पोख्छन् ।

पदमका लागि देशमा आएको लोकतान्त्रिक गणतन्त्र केवल शब्दमा मात्र सीमित छ । 'राजनीतिक परिवर्तन भयो, सरकार फेरियो तर वादीको उत्थान कहिल्यै प्राथमिकतामा परेन,' उनी गुनासो गर्दै भन्छन्, 'वादी समुदाय सीमान्तकृत भएकै कारण कुनै पनि दलको समानुपातिक सूचीमासमेत पर्दैनन्, वादीको समस्या वादीकै प्रतिनिधिलाई मात्र थाहा हुन्छ, गैरवादीले त्यो पीडा बुझ्न सक्दैनन् ।'

पहिलेको तुलनामा प्रत्यक्ष छुवाछूत केही कम भए पनि वादी समुदायको अवस्था अझै कहालीलाग्दो छ । चिसो मौसममा चिसो भूइँमा बोरा बिछ्याएर सुत्नुपर्ने धेरै बाध्यता छ । वादी समुदायबाट उच्च शिक्षा हासिल गरी सरकारी रोजगारीमा पुग्ने अझै कोही छैन । बदलिँदो समयसँगै युवाहरूले परम्परागत पेसा छाडे पनि उनीहरूको गन्तव्य फेरि पनि भारतकै मजदुरी बनेको छ । आफूले भोगेको यो कथा केवल एक व्यक्तिको कथा होइन, यो नेपालको परिवर्तनकारी आन्दोलनमा होमिएका हजारौं सीमान्तकृत योद्धाहरूको साझा व्यथा भएको पदम बताउँछन् । 'जसको मुक्तिका लागि लडचौं, जसले मुक्तिका सपना दिए, उनीहरू सत्तामा पुगे, तर हामी अझै त्यही चिसो भूइँमा छौं,' पदमको यो भनाइले वर्तमान राजनीतिको एउटा नमिठो तस्बिर झल्काउँछ ।

'अहिले देश फेरि निर्वाचनको सँघारमा छ तर म जस्ता योद्धाहरूको प्रश्न अझै अनुत्तरित छ,' पदम भन्छन्, 'हाम्रो वास्तविक मुक्ति कहिले हुन्छ ? के वादी समुदाय सधैँ 'दोस्रो दर्जा' को नागरिक भएरै बस्नुपर्ने हो ? वादीको उत्थानका लागि राजनीतिक निर्णय गर्ने तहमा वादीकै प्रतिनिधित्व हुनुपर्छ, नत्र हाम्रा लागि यो गणतन्त्र केवल 'आकाशको फल' मात्र रहिरहने छ ।' पदमजस्तै गुन्याल फाँटाका ६० घरधुरीका वादी समुदायको समस्या मिल्दोजुल्दो छ । 'हाम्रो पुस्ताका युवाहरू दरवान, कुल्ली र जोखिमपूर्ण सुरुङको काम गर्न भारत जान बाध्य छन्,' रत्ना वादीले भनिन्, 'स्वदेशमा अवसर छैन, बिहान खाएर साँझ के खाने भन्ने चिन्ता रहेको छ ।'

गुन्यालफाँटाकै दुरा कुमाल भन्छन्, 'पहिले नाचगान गरेर माग्ने चलन थियो त्यो छाडचौं तर परम्परागत माटोको काम छाड्दा जीवन झन् कठिन भयो ।' दत्त कुमाल शिक्षा नै मुख्य समस्या भएको बताउँछन् । 'छात्रवृत्ति कक्षा दोहोऱ्याउनेलाई नदिँदा बालबालिका बीचमै विद्यालय छाड्न बाध्य छन्,' उनको भनाइ छ । उनका अनुसार संविधानले छुवाछूतलाई अपराध मानेको छ । दलित उत्थानका लागि नीति, कार्यक्रम र आयोग छन् तर ती व्यवहारमा प्रभावकारी देखिँदैनन् ।

वादी समुदाय अझै भूमिहीन, अशिक्षित र रोजगारीविहीन छ । धेरै परिवार पूर्व-पश्चिम राजमार्गको छेउ, नदी किनार, जंगल आसपास बस्न बाध्य छन । त्यस्ता ठाउँहरू जोखिमपूर्ण रहेका छन् । 'नदी छेउमै घरहरू हुँदा बाढीले जग्गा कटान गरी जग्गा बगाउने डर हुन्छ, अधिकांश परिवारको सुरक्षित आवास नहुँदा आगलागी हुने डरले सताउने गरेको छ,' वादीलगायतका दलित समुदायका लागि वकालत गर्दै आएका अधिकारकर्मी शिवी लुहार भन्छन्, 'तर राज्यले त्यसलाई 'विपद्' भन्दा पनि 'समस्या' का रूपमा हेर्दा समस्या छ, वादी समुदायलाई जग्गाको अझैसम्म स्वामित्व नदिँदा आज जहाँ सुते, भोलि त्यहाँ बस्न पाइन्छ कि पाइँदैन भन्ने अनिश्चित छ ।' उनी भन्छन्, 'वादी समुदायले सडक आन्दोलननै गरेर राज्यसँग धेरै माग गरे, जमिन, बास, रोजगारी र शिक्षा तर उनीहरूका आवाज सधैँ कमजोर मानिए । सम्झौता गरिए, कार्यक्रम घोषणा भए तर कार्यान्वयनमा उनीहरू फेरि छुटदै आएका छन् ।'

वादी समुदायका व्यक्तिहरूसँग नागरिकता भए पनि नागरिकसरह अधिकार प्रयोग गर्न नपाएकोमा उनी चिन्ता व्यक्त गर्छन् । 'वादी समुदायले हरेक निर्वाचनमा मतदान गर्छन् तर निर्णय प्रक्रियामा उनीहरूको स्थान छैन,' उनी भन्छन्, 'हरेक राजनीतिक परिवर्तनमा मुक्तिका लागि लडचौं, उनीहरू सत्तामा पुगे ।' श्याम कुमाल भन्छन्, 'हामी अझै चिसो भूइँमै छौं ।' देश फेरि निर्वाचनको सँघारमा छ तर आफूहरूका प्रश्न अनुत्तरित रहेको उनी बताउँछन् । उनको माग छ- वादी समुदायको वास्तविक उत्थानका लागि निर्णय गर्ने तहमा वादीकै प्रतिनिधित्व अनिवार्य छ ।

अझै पनि वादी समुदायका बस्तीका अधिकांश परिवारसँग सुरक्षित बासको अभाव, शौचालय नहुनु, पानीको समस्या र सामाजिक हिंसाको डरले सधैँ सताइरहन्छ । 'हामी भाग्न चाहँदैनौं, बस्न चाहन्छौं,' वादी समुदायका अगुवाहरू भन्छन्, 'तर बस्न दिएको कसले छ र ? हामीलाई संविधानप्रदत्त अधिकार चाहिएको छ, त्यसको कार्यान्वयन चाहेका छौं, अन्य नागरिकसरहको जीवनयापनको खोजीमा छौं ।' *रासस*



**बिटोर पदयात्रा** | पर्साका श्रद्धालु भक्तजनहरू बिटोरका लागि भारतको विहार राज्यको पटनातर्फ प्रस्थान गर्दै । तराई–मधेस क्षेत्रको एक महत्त्वपूर्ण लोकधार्मिक परम्परा बिटोर कठोर साधना र तपस्यासँग जोडिएको अनुष्ठान हो । *तस्बिरः रासस*

# गण्डकीमा चुनावी गतिविधि बढ्दै

**गण्डकी–** प्रतिनिधिसभा सदस्य चुनाव आउनमात्र ४९ दिन बाँकी छ । मतदानको दिन नजिकिएसँगै जिल्लाजिल्लामा चुनावी गतिविधि बढ्न थालेको छ । चुनावलाई लक्ष्य गरी राजनीतिक दलहरूले सक्रियता बढाएका छन् । निर्वाचन कार्यालयहरू उम्मेदवारको मनोनयन दर्तादेखि अन्य व्यवस्थापकीय तयारीमा जुटेका छन् । सुरक्षा निकाय चुनावी सुरक्षा योजना निर्माण र कार्यान्वयनमा केन्द्रित बनेको छ ।




प्रदेश निर्वाचन कार्यालय, पोखराका सूचना अधिकारी रुद्रप्रसाद न्यौपानेले आगामी शुक्रबार सबै जिल्लामा निर्वाचन अधिकृतको कार्यालय स्थापना हुने बताए । 'निर्वाचन अधिकृतको कार्यालय स्थापना भएपछि निर्वाचनसम्बन्धी सबै काम त्यहीँबाट सम्पादन हुन्छ,' उनले भने, 'माघ ६ गते हुने उम्मेदवारको मनोनयन दर्ताका लागि आवश्यक तयारी पूरा भइसकेको छ ।' मनोनयन दर्तापछि चुनावी गतिविधि थप तीव्र हुने उनको भनाइ छ ।

कास्कीकी प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले चुनाव केन्द्रित सुरक्षा योजना तयार भई कार्यान्वयनमा गइसकेको बताइन् । 'तीनै तहका सुरक्षा निकाय चुनावको शान्ति सुरक्षामा खटिएका छन्, नियमित गस्ती र सुरक्षा निगरानी बढाइएको छ,' उनले भनिन्, 'मतदानस्थलको अनुगमन र संवेदनशीलता पहिचान गरिएको छ ।' मतदानस्थलसम्म मतदातालाई सहजरूपमा आवतजावत गर्ने व्यवस्थाका लागि बाटोघाटो मर्मतसुधारका लागि सम्बन्धित निकायलाई अनुरोध गरिएको प्रजिअ शर्माले बताइन् ।

आसन्न राष्ट्रिय सभा सदस्य निर्वाचनसँगै दुवै निर्वाचनलाई लक्ष्य गरी जिल्लाका सुरक्षा व्यवस्था चुस्त पारिएको उनको भनाइ छ । प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि निर्वाचन प्रहरी भर्ना छनोट तथा नियुक्तिको प्रक्रिया पनि अगाडि बढेको प्रजिअ शर्माले बताए । कास्कीमा दुई हजार ३०० निर्वाचन प्रहरी खटाइने भएको छ । निर्वाचन प्रहरी भर्नाका लागि आगामी माघ १ गतेभित्र दरखास्त माग गरिएको निर्वाचन प्रहरी भर्ना छनोट तथा नियुक्ति समितिले जनाएको छ ।

माघ ५ देखि १० गतेभित्र छनोट प्रक्रिया सकिने र १२ गते नतिजा प्रकाशन गरिने समितिले जनाएको छ । माघ १५ देखि २४ गतेसम्म निर्वाचन प्रहरीलाई प्रशिक्षण दिइने भएको छ । निर्वाचन प्रहरीको कार्यअवधि ४० दिन तोकिएको छ । प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको उक्त समितिले निर्वाचन प्रहरी भर्ना छनोट तथा नियुक्त गर्ने छ । निर्वाचनको मिति नजिकिँदै गर्दा राजनीतिक गतिविधि पनि बढेको छ । दलहरू चुनावलक्षित अभियान र कार्यक्रममा केन्द्रित बनेका छन् । नेकपा एमाले गण्डकी प्रदेशका अध्यक्ष नवराज शर्माले एमाले उम्मेदवार छनोट र मनोनयन दर्ताको तयारीमा जुटेको बताए ।

'एमालेले जिल्लाबाट सिफारिस भएर आएका उम्मेदवारका सबै नामलाई प्रदेशबाट केन्द्रमा पठाइएको छ, मनोनयनको मिति नजिकिएकाले एमालेलगायत दलहरू उम्मदेवार छनोटमा केन्द्रित छन्,' उनले भने, 'जिल्ला-जिल्लामा निर्वाचनको माहोल बढेको देखिन्छ, दलहरूले राजनीतिक सक्रियता बढाएका छन्, उम्मेदवारका दाबेदार पनि टिकट ल्याउन प्रयासरत छन् ।' गण्डकी प्रदेशमा क्रियाशील अन्य राजनीतिक दलले पनि आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि उम्मेदवार सिफारिससँगै पार्टीका सांगठानिक गतिविधिलाई तीव्र पारेका छन् । *रासस*

# पर्वतमा एक लाख २५ हजार ४६६ मतदाता कायम

**पर्वत (प्रस)–** आगामी फागुन २१ गते तोकिएको प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि पर्वतमा एक लाख २५ हजार ४६६ मतदाता कायम भएका छन् ।

जिल्ला निर्वाचन कार्यालयका अनुसार पछिल्लोपटक अद्यावधिक गरिएअनुसार उक्त संख्या कायम भएको हो । त्यसमध्ये महिला मतदाताको संख्या ६२ हजार ८६५, पुरुष मतदाताको संख्या ६२ हजार ६०० रहेको छ भने अन्य एक जना रहेका छन् ।

यहाँ २०७९ सालको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा कूल मतदाता संख्या एक लाख २२ हजार ६४९ रहेका थिए । अघिल्लो निर्वाचनभन्दा आगामी निर्वाचनमा दुई हजार ८१७ जना बढी भएका हुन् । कार्यालयका अनुसार कुश्मा नगरपालिकामा ३२ हजार ९४९ र फलेवासमा २४ हजार १६१ मतदाता कायम भएका छन् ।

त्यसैगरी, जलजला गाउँपालिकामा १६ हजार ७५०, पैंयूमा ११ हजार ६६७, महाशिलामा आठ हजार ४७९, मोदीमा २० हजार ३०१ र विहादी गाउँपालिकामा ११ हजार १५९ मतदाता कायम भएका छन् ।

आगामी निर्वाचनका लागि जिल्लामा ७६ मतदातस्थल र १५१ मतदान केन्द्र निर्धारण गरिएको जिल्ला निर्वाचन कार्यालयका सूचना अधिकारी ज्ञानेन्द्र शर्माले जानकारी दिए । आगामी निर्वाचनका लागि पर्वतमा दुईवटा मतदानस्थल थप गरिएको छ । मोदी गाउँपालिकाको वडा नं ६ तिलाहारको गिज्यानमा रहेको तुलोदय मावि र जलजला गाउँपालिका वडा नं ८ फर्सेको शिव माविमा गरी दुई मतदानस्थल थप गरिएको हो भने तीन मतदान केन्द्र पनि थप गरिएको छ ।

कार्यालयका अनुसार अब अघिल्लो प्रतिनिधिसभा निर्वाचनमा ७४ मतदानस्थलमा १४८ मतदान केन्द्र रहेका थिए भने अब ७६ मतदानस्थलमा १५१ मतदान केन्द्र रहने भएको सूचना अधिकारी शर्माले बताए ।

जिल्ला निर्वाचन कार्यालयले निर्वाचन आयोगको निर्देशनअनुसार निर्वाचनका लागि विभिन्न तयारी गरिरहेको सूचना अधिकारी शर्माले जानकारी दिए । उनका अनुसार अहिले निर्वाचन सामग्री रुजु गर्ने र अपुग भएका सामान खरिद गर्ने तयारी भइरहेको जानकारी दिए । आयोगले मुख्य निर्वाचन अधिकृत नियुक्त गरिसकेको र अन्य कार्यालयका नियमित काम भइरहेको उनले बताए ।


नेपाल सरकार
स्वास्थ्य तथा जनसख्या मन्त्रालय
राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र, टेकु

आशयको सूचनामा भएको त्रुटी सच्चाईएको सम्बन्धमा

प्रकाशित मिति : २०८२/०९/३०

यस राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र, टेकुले मिति २०८२/०९/२४ मा प्रभाब राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र स्वीकृतिको आशयको सूचनामा कबोल रकममा त्रुटी भएकोमा तपशिल बमोजिम सच्चाईएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नं./कामको विवरण | पहिले कायम भएको कबोल रकम (मु.अ.क. बाहेक) | सच्चाईएको कबोल रकम USD मा (मु.अ.क. बाहेक) |
|---|---|---|---|
| १. | NCASC/G/ICB-01/2082/83 "Procurement of Anti-Retro Viral Medicines" | NRS. 4,55,71,560.00 (Four Crore Fifty Five Lakh Seventy One Thousand Five Hundred and Sixty. | USD 321,130 (Three Hundred Twenty-One Thousand One Hundred Thirty Dollars) |

## रूपशाला



### 'रोल नं. १' को पहिलो चरणको छायांकन

सेभेन सिज सिनेमाको प्रस्तुतिमा निर्माण भइरहेको चलचित्र 'रोल नं. १' को पहिलो चरणको छायांकन सम्पन्न भएको छ । म्याग्दीका विभिन्न रमणीय तथा ग्रामीण भेगमा करिब डेढ महिना (४२ दिन) लगाएर चलचित्रको मुख्य हिस्सा खिचिएको हो । दुई साताको 'वर्कसप'पछि गत मंसिर १५ गतेदेखि म्याग्दीबाट सुरू भएको चलचित्रको छायांकन तालिका ४५ दिनको तय गरिएको थियो । तर, प्रतिकूल मौसम र प्राविधिक चुनौतीका बाबजुद निर्धारित समयकै आसपासमा पहिलो चरणको काम सकिएको निर्माता विनोद पौडेलले जानकारी दिए ।



# जीवन सिंह निर्देशित 'हन्टर'को इन्डक्ल्याप

■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र 'हन्टर'को छायांकन सकिएको छ । एक्सन ड्रामा जानराको चलचित्र 'हन्टर'को छायांकन ४५ दिनमा सकिएको हो । चलचित्र पश्चिम नेपालका विभिन्न स्थानमा छायांकन गरिएको निर्माणपक्षले जनाएको छ । चलचित्र 'हन्टर'लाई जीवन सिंहले निर्देशन गरेका छन् । उनको यो डेब्यू निर्देशन हो । क्याच कक इन्टरटेनमेन्ट प्रालिको प्रस्तुतिमा निर्माण भएको यस चलचित्रको लेखक र एडिटर पनि निर्देशक स्वयं हुन् ।

चलचित्रले सुदूरपश्चिमको कथा भन्नेछ । चलचित्र एक्सन इन्टरटेनर हुने निर्देशक सिंहको भनाइ छ । 'हन्टर' रियल पात्रको कथाबाट इन्स्पायर रहने निर्देशकले बताएका छन् । तर, रियल पात्रको कथामा फिक्सनाइज गरिएको निर्देशक जीवनको भनाइ छ ।

चलचित्रको मुख्य भूमिकामा अरुण क्षेत्री छन् । प्रकाश साह, गरिमा शर्मा, सरोज खनाल, रुजा राउत, सुप्रज्ञा शर्मा, रमेश बुढाथोकी, सुशील पोखरेल, रोशनी दाहाल, सोनी लगुन,




गीता अधिकारीको अभिनय रहेको छ ।

कृष्ण थापाको डीओपी रहेको चलचित्र 'हन्टर'मा एक्सन शुक्रा साहको छ । विक्रम स्वाँर र सञ्जय खिमजिमको कोरियोग्राफी रहेको चलचित्रमा बाबुल गिरीको संगीत छ । चलचित्रमा ट्राइडेन्ट कन्सेप्टको सहकार्य रहेको छ भने कार्यकारी निर्माता रोयल भिमसेन हुन् । ममता सिहं, गोविन्द राज रोक्का र राज ए भट्ट निर्माता रहेको चलचित्रमा मनीष चन्द सह-निर्माता छन् ।

# रंगशालामा गुन्जिँदै सज्जनराज वैद्य

**काठमाडौं (प्रस)–** युवापुस्ताका चर्चित गायक सज्जनराज वैद्य दशरथ रङ्गशालामा गुन्जिने भएका छन् । युवा पुस्ताका चर्चित गायक वैद्यले माघ २ गते राष्ट्रिय लिग फुटबल प्रतियोगिताअन्तर्गत हुने मच्छिन्द्र र एनआरएटी क्लबबिचको खेलअघि प्रस्तुति दिने भएका हुन् । लामो समयपछि वैद्यले काठमाडौंमा प्रस्तुति दिन लागेका हुन् । उनले आफ्ना चर्चित गीत त्यहाँ प्रस्तुत गर्ने जनाइएको छ ।

वैद्य नेपाली गायक, गीतकार, गिटार वादक हुन् । उनले सन् २०१४ मा आफ्नो पहिलो गीत आज मात्र निकालेका थिए । २०१६ मा हवाईजहाज, २०१८ मा चिठीभित्र निकालेपछि उनी प्रख्यात भएका थिए । 'हतारिँदै, बतासिँदै' उनको सबैभन्दा चलेको गीत हो । 'बराली लग्यो यो हावाले', 'फुत्की जाने जोवन'लगायतका उनका चर्चित गीत हुन् । सो प्रतियोगिताको लाइभ स्ट्रिम एमएसएम भिडियो एपबाट हुने छ । यो एपमार्फत प्रतियोगितालाई नेपालमा हेर्न ३ महिनासम्म ८९९ रूपैयाँ र विदेशमा तीन महिनासम्म १५ अमेरिकी डलर तोकिएको छ ।



# 'मिस ग्लोब २०२५' सरादत्त नेपालमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'द मिस ग्लोब २०२५' की विजेता छायाथानुस सरादत्त नेपाल आएकी छिन् । मंगलबार उनी त्रिभुवन अन्तर र्राष्ट्रिय विमानस्थल हुँदै नेपाल आइपुगेकी हुन् । सरादत्तलाई स्वागत गर्न मिस्टर एन्ड मिस नेसनलका राष्ट्रिय आयोजक डा. सन्तोष उपाध्यायसहित मिस ग्लोब नेपालका विजेताहरू विमानस्थल पुगेका थिए । उनीसँगै मिस ग्लोबका अन्तर्राष्ट्रिय आयोजक फ्याकी बोजो पनि नेपाल आएका छन् । मिस ग्लोबको उपाधि जितेपछि सरादत्तको यो पहिलो अन्तर र्राष्ट्रिय भ्रमण हो ।

पहिलोपटक नेपाल आउन पाउँदा आफू निकै खुसी भएको बताउँदै सरादत्तले नेपालका हिमालप्रति विशेष आकर्षण रहेको उल्लेख गरिन् । उनले भनिन्, 'पहिलोपटक नेपाल आएकोमा निकै खुसी लाग्यो । यहाँका माउन्टेनबारे धेरै सुनेकी छु, म पहाड र हिमालतिर घुम्न चाहन्छु ।' सन् २०२५ मा अल्बानियामा सम्पन्न मिस ग्लोबको फिनालेमा सरादत्तले थाइल्यान्डको प्रतिनिधित्व गर्दै ताज पहिरिएकी थिइन् । ८० भन्दा बढी देशको सहभागिता रहेको उक्त प्रतियोगितामा नेपालबाट रिजु भट्टराईले प्रतिनिधित्व गरेकी थिइन् ।

डा. सन्तोष उपाध्यायका अनुसार सरादत्त र उनको टोलीको नेपाल बसाइँ पाँच दिनको हुनेछ । यस अवधिमा उनीहरूले काठमाडौंसहित आसपासका पर्यटकीय गन्तव्यहरूको भ्रमण गर्नेछन् । साथै, औपचारिक भेटघाटका कार्यक्रमसँगै विद्यार्थीहरूसँग अन्तरक्रिया गर्ने तालिका पनि तय गरिएको छ । औपचारिक भेटघाटअन्तर्गत संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल पर्यटन बोर्ड तथा सम्भव भए प्रधानमन्त्रीसँग पनि भेट गर्ने कार्यक्रम रहेको आयोजकले जनाएका छन् । त्यस्तै, उनी इस्ट एसियन मेडिकल स्टुडेन्ट्स कन्फ्रेन्समा विशिष्ट अतिथिका रूपमा सहभागी हुनेछिन् ।



## रंगशाला

# नेपाल नम्बर एक गल्फर निरजलाई तीन स्ट्रोकको अग्रता



■ प्रभाव संवाददाता

**धरान –** सूर्य नेपाल गल्फ टुर २०२५-२६ अन्तर्गत दोस्रो प्रतियोगिता सूर्य नेपाल इस्टर्न ओपनको पहिलो दिन नेपाल नम्बर एक प्रो गल्फर निरज तामाङ ६-अन्डर ६४ को उत्कृष्ट स्कोरमा शीर्षस्थानमा रहन सफल भएका छन् ।

निरजले टंक बहादुर कार्की र बलभद्र राईलाई १८ होलको समाप्तीमा ३ स्ट्रोकको अग्रता बनाएका छन् । ३-अन्डर ६७ को स्कोर बनाएका टंक र बलभद्र संयुक्तरूपमा दोस्रो स्थानमा रहेका छन् । १-अन्डर ६९ को स्कोरमा दुई पुर्व नम्बर एक गल्फर शुक्र बहादुर राई र भुवन नगरकोटी तथा दुई एमेच्योर खेलाडी प्रकृत तामाङ र राहुल विश्वकर्माले संयुक्तरूपमा चौथो स्थान बाँडे । यस्तै इभन-पार ७० को स्कोर बनाएका रवि खड्का, जयराम श्रेष्ठ र सुमन परियार पहिलो दिनको समाप्तीमा संयुक्तरूपमा आठौं स्थानमा रहेका छन् ।

धरान गल्फ क्लबमा डिफेन्डिङ च्याम्पियन निरजले सानदार सुरूवात गर्ने क्रममा दोस्रो होलमा बोगी प्रहार गरे । यसपछि भने तेस्रो, पाँचौं, छैटौं र नवौं होलमा बर्डीको सफलतामा फ्रन्ट नाइन ३-अन्डर ३३ खेले । यसपछि १२ औं, १३औं, १६औं र १८औं होलमा एक-एक सट बचाए । १५औं होलमा बोगी खेप्दै ब्याक नाइन ३-अन्डर ३१ मा सकाए ।

टंकले भने फ्रन्ट नाइन १-अन्डर ३५ मा पुरा गर्ने क्रममा दोस्रो होलमा एक सेट खेर फाले । आठौं र नवौं होलमा लगातार दुई बर्डी प्रहार गरे । यसपछि १४औं र १८औं होलमा एक-एक सट बचाएका उनले ब्याक नाइन बोगीरहित २-अन्डर ३२ खेले ।

धरानका भेट्रान प्रो बलभद्रले बोगी रहित फ्रन्ट नाइन खेल्ने क्रममा तेस्रो र सातौं होलको बर्डीले २-अन्डर ३४ को नतिजा निकाले । १०औं होलमा बोगी प्रहार गर्दा १५औं र १८औं होलको बर्डीले ब्याक नाइन १-अन्डर ३३ मा सकाए । एमेच्योरतर्फ राहुल र प्रकृत १-अन्डर ६९ सहित संयुक्तरूपमा शीर्षस्थानमा रहेका छन् । राम तामाङ १-ओभर ७१ सहित तेस्रो स्थानमा रहे ।

सूर्य नेपाल प्रा.लि.को प्रायोजनमा तीन दिनसम्म चल्ने ५४ होलको प्रतिस्पर्धामा कुल पुरस्कार राशि १० लाख ५० हजार रूपैयाँ रहेको छ । प्रतियोगिताको उपाधि विजेताले १ लाख ७० हजार रूपैयाँ प्राप्त गर्नेछन् । उपविजेताले १ लाख २५ हजार र तेस्रो स्थान हासिल गर्ने खेलाडीले १ लाख रूपैयाँ पुरस्कार पाउनेछन् । शीर्ष १८ स्थान सम्म रहने खेलाडीहरूले नगद पुरस्कार प्राप्त गर्नेछन् ।

# राष्ट्रिय लिग फुटबल : चर्च ब्वाइज र भगवतीबीचको खेल बराबरीमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय लिग फुटबल प्रतियोगितामा सहिद स्मारक 'ए' डिभिजन लिग च्याम्पियन चर्च ब्वाइज युनाइटेडले श्री भगवती क्लबसँग बराबरी खेल्दै अंक बाँडेको छ ।

सातदोबाटोस्थित अखिल नेपाल फुटबल संघ (एन्फा) मुख्यालय मैदानमा बुधबार भएको खेलमा चर्च ब्वाइज र श्री भगवती क्लबबीचको खेलमा १-१ गोल भएको हो ।

खेलमा सुरुआती अग्रता भने भगवतीले लियो । भगवतीका लागि हरिहर बूढामगरले गोल गरे । उनले खेलको पहिलो हाफको अन्तिम मिनेटमा गोल गर्दै टोलीलाई पहिलो अग्रता लिए । त्यसपछि खेलको ६५औं मिनेटमा यता चर्च ब्वइजका कप्तान एरिक विष्टले गोल गर्दै खेललाई एक/एक गोलको बराबरीमा ल्याए । त्यसपछि खेलमा गोल हुन सकेन । यससँगै दुवै टोलीले समान एक/एक अंक बाँडेका छन् ।

सोही मैदानमा भएको अर्को खेलमा फ्रेन्ड्स क्लबले काँक्रे विहार क्लबमाथि ३-१ गोलको जित निकाल्दै विजयी भयो । उक्त प्रतियोगितामा भोलि दुई खेल हुनेछ । पहिलो खेलमा सातदोबाटो युवा क्लबले संकटा एफसीसँग खेल्नेछ । उक्त खेल बिहान ११ बजे हुनेछ । त्यस्तै दिउँसो ३ बजे हुने अर्को खेलमा लालीगुराँस एशोसिएसनले जावलाखेल युवा क्लबसँग प्रतिस्पर्धा गर्नेछ ।


**Bagmati Province Governemt**

**Ministry of Physical Infrastructure Development**

## Urban Development & Builing Office

**Bidur, Nuwakot**

## Invitation Of Bids

**Date of Publication : 2082-10-01 B.S.(2026-01-15 A.D.)**

1. Urban Development and Building Office, Bidur, Nuwakot invites bids from eligible bidders for the construction of following works under National Competitive Bidding (NCB).

| S. N. | Contract Identification Number | Description of Works | Estimated Amount (Including VAT & PS) | Bid Security Amount (NRs.) | Bid Security Validity Period (Days) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | UDBO/NCB/ W/1S1E/21/2082-83 | Sikre Khola Kharkedada Sadak Starunnati Garne Karye Dhunibesi-09, Dhading | 2,743,677.34 | 56,000 | 120 | 3000 |
| 2 | UDBO/NCB/ W/1S1E/22/2082-83 | Nuwakot Jilla Bidur Nagarpalika Wada No 5 Bidhyala Bhawan Parisarma Purbadhar Nirman | 9,499,661.87 | 200,000 | 120 | 3000 |
| 3 | UDBO/NCB/ W/1S1E/23/2082-83 | Lauribina Dekhi Buddhamandir Samma Sidhi Tatha Bhautik Purwaadhar Nirman Phase-2, Gosaikunda-5, Rasuwa | 6,684,720.21 | 137,000 | 120 | 3000 |
| 4 | UDBO/NCB/ W/1S1E/24/2082-83 | Different Road Construction Works at Panchkanya Rural Municipality – 4 and 5 , Nuwakot a) Saalghari Kakeswari Damai Tol Sadak Staronnti,Panchkanya-04 b) Sundaritaar Chautaro Bhattrai Tol Bhedawari Sadak , Panchkanya-05 | 3,919,733.27 | 80,000 | 120 | 3000 |
| 5 | UDBO/NCB/ W/1S1E/25/2082-83 | DhunginPauwa Hulaki Chahare Lamichhanegaun Sadak Kakani 4 | 1,959,793.74 | 40,000 | 120 | 3000 |

All releated information including: Purchase, Submission and Opening of Bidding document is available at www.bolpatra.gov.np/egp.

**Office Chief**

# चीनको व्यापार अधिशेष ऐतिहासिक उचाइमा

**हङकङ–** चीनको व्यापार अधिशेष सन् २०२५ मा करिब १२ खर्ब अमेरिकी डलरको ऐतिहासिक रेकर्डमा पुगेको सरकारी तथ्यांकले देखाएको छ । बुधबार सार्वजनिक गरिएको विवरणअनुसार संयुक्त राज्य अमेरिकामा निर्यात सुस्त भए पनि अन्य क्षेत्रीय र अन्तर्राष्ट्रिय बजारमा निर्यात विस्तार हुँदा समग्र अधिशेष उल्लेखनीय रूपमा बढेको हो ।

चिनियाँ भन्सार प्रशासनका अनुसार सन् २०२५ मा चीनको कूल निर्यात ५.५ प्रतिशतले बढेर ३७ खर्ब ७० अर्ब डलर पुगेको छ । यस अवधिमा आयात भने घटेर २५ खर्ब ८० अर्ब डलरमा सीमित रह्यो । यसअघिको वर्ष सन् २०२४ मा चीनको व्यापार अधिशेष नौ खर्ब ९२ अर्ब डलरभन्दा केही बढी थियो ।

डिसेम्बर महिनामा चीनको निर्यात डलरको आधारमा अघिल्लो वर्षको तुलनामा ६.६ प्रतिशतले वृद्धि भएको देखिएको छ, जुन अर्थशास्त्रीहरूको अनुमानभन्दा राम्रो र नोभेम्बरको ५.९ प्रतिशतको वार्षिक वृद्धिदरभन्दा उच्च हो । सोही महिनामा आयात पनि उल्लेख्य रूपमा बढ्दै नोभेम्बरको १.९ प्रतिशतको तुलनामा ५.७ प्रतिशतले वृद्धि भएको छ । चीनको व्यापार अधिशेषले नोभेम्बरमै पहिलोपटक १० खर्ब डलरको सीमालाई पार गरेको थियो । गत वर्षको पहिलो ११ महिनामै व्यापार अधिशेष १० खर्ब ८० अर्ब डलर पुगेको तथ्यांकले देखाउँछ ।

व्यापारिक घर्षण र भूराजनीतिक तनावका बाबजुद पनि सन् २०२६ मा निर्यातले चीनको अर्थतन्त्रलाई टेवा दिइरहने अर्थशास्त्रीहरूको अनुमान छ । बिएनपी परिबासकी प्रमुख चिनियाँ अर्थशास्त्री ज्याकलिन रोङले सन् २०२६ मा पनि निर्यातले आर्थिक वृद्धिको प्रमुख चालकको भूमिका खेल्ने अपेक्षा कायमै रहेको बताएकी छन् ।

अमेरिकामा राष्ट्रपति डोनाल्ड ट्रम्प पुनः सत्तामा फर्किएपछि चीन र संयुक्त राज्यबीचको व्यापार युद्ध चर्किँदै जाँदा अमेरिकी बजारतर्फ चीनको निर्यात गत वर्षको अधिकांश समय घट्दो रह्यो । सन् २०२५ मा अमेरिकातर्फको निर्यात करिब २० प्रतिशतले घटेको देखिन्छ । यद्यपि दक्षिण अमेरिका, दक्षिणपूर्वी एसिया, अफ्रिका र युरोपका अन्य बजारमा निर्यात विस्तार हुँदा उक्त गिरावट धेरै हदसम्म सन्तुलनमा आएको छ । आँकडाअनुसार सन् २०२५ मा अफ्रिकातर्फ चीनको निर्यात २६ प्रतिशतले बढेको छ । दक्षिणपूर्वी एसियाली देशहरूमा १३ प्रतिशत, युरोपेली संघ (इयू) मा आठ प्रतिशत र ल्याटिन अमेरिकामा सात प्रतिशतले निर्यात वृद्धि भएको छ ।

विश्लेषकहरूका अनुसार कम्प्युटर चिप्स, विद्युतीय उपकरणहरू तथा ती उत्पादनमा प्रयोग हुने सामग्रीहरूको बलियो विश्वव्यापी मागले चीनको निर्यातलाई समर्थन गरेको छ । यसका साथै गत वर्ष चीनको कार निर्यातमा पनि उल्लेख्य वृद्धि देखिएको थियो ।

बलियो निर्यात प्रदर्शनले चीनको अर्थतन्त्रलाई वार्षिक करिब पाँच प्रतिशतको आधिकारिक वृद्धिदर लक्ष्य नजिक पुर्‍याउन मद्दत गरेको छ । तर सस्तो चिनियाँ वस्तुहरूको बाढीले स्थानीय उद्योगहरूलाई असर गर्न सक्ने चिन्ताका



कारण केही मुलुकहरूमा चेतावनी र चासो पनि बढेको छ । चिनियाँ भन्सार प्रशासनका उपमन्त्री वाङ जुनले सन् २०२६ मा चीनले 'गम्भीर र जटिल' बाह्य व्यापार वातावरणको सामना गरिरहेको बताए । तथापि उनले चीनको विदेशी व्यापारका आधारभूत संरचना अझै बलियो रहेको स्पष्ट पारे ।

अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) का प्रमुखले गत महिना चीनलाई आर्थिक असन्तुलन समाधान गर्न, घरेलु माग र लगानीलाई प्रोत्साहन गर्दै निर्यातमा अत्यधिक निर्भरताबाट बाहिर निस्कन सुधारको गति तीव्र बनाउन आग्रह गरेका थिए । चीनमा लामो समयदेखि चलिरहेको रियल स्टेट क्षेत्रको मन्दीले उपभोक्ताको विश्वास र घरेलु मागलाई अझै प्रभावित गरिरहेको छ । अत्यधिक ऋण लिँदा धेरै डेभलपरहरू डिफल्टमा गएपछि यस क्षेत्रको समस्या गहिरिएको हो ।

चिनियाँ नेताहरूले उपभोक्ता र व्यवसायको खर्च वृद्धि आर्थिक नीतिको केन्द्रमा राखेका छन् । पछिल्ला महिनाहरूमा सरकारले ट्रेड-इन अनुदान कार्यक्रम ल्याएर उपभोक्तालाई नयाँ, ऊर्जा-कुशल घरेलु उपकरण र सवारीसाधन खरिद गरी पुराना मोडेल प्रतिस्थापन गर्न प्रोत्साहन गरेको छ । तर यी उपायहरूको प्रभाव अहिलेसम्म सीमित देखिएको छ ।

बिएनपी परिबासकी रोङका अनुसार घरेलु मागको वृद्धि सन् २०२६ मा पनि सुस्त नै रहने सम्भावना छ । उनले विशेषगरी उपभोक्ता वस्तुहरूका लागि वित्तीय अनुदान कार्यक्रमहरू गत वर्षको तुलनामा कमजोर देखिएको उल्लेख गरिन् । फ्रान्सेली लगानी बैंक नाटिक्सिसका वरिष्ठ अर्थशास्त्री ग्यारी एनजीले सन् २०२६ मा चीनको निर्यात करिब तीन प्रतिशतले मात्र बढ्ने अनुमान गरेका छन् । यो सन् २०२५ को ५.५ प्रतिशतभन्दा कम हो । आयात वृद्धिदर सुस्त रहने सम्भावनासँगै चीनको व्यापार अधिशेष यस वर्ष पनि १० खर्ब डलरभन्दा माथि रहने उनको अपेक्षा रहेको छ । *रासस/एपी*

# 'ग्रिनल्याण्ड बिक्रीका लागि होइन'



**नुक (ग्रिनल्याण्ड)–** ग्रिनल्याण्ड अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको टापु नियन्त्रण गर्ने अभिव्यक्त इच्छापछि तीव्र भू-राजनीतिक बहसको केन्द्रमा पुगेको छ । राजधानी नुकका हिउँले ढाकिएका सडकमा स्थानीय बासिन्दाहरूले अन्तर्राष्ट्रिय सञ्चारमाध्यमसँग खुलेर भनिरहेका छन्-ग्रिनल्याण्ड बिक्रीका लागि होइन ।

डेनमार्कको अर्धस्वायत्त क्षेत्र रहेको ग्रिनल्याण्डलाई लिएर ट्रम्पले 'कुनै पनि मूल्यमा' नियन्त्रण लिन चाहेको बताउँदै आएका छन् । ह्वाइट हाउसले बल प्रयोग गरेर टापु लिने सम्भावनालाई पूर्णरूपमा अस्वीकार नगरेपछि तनाव अझ बढेको छ । यही सन्दर्भमा अमेरिकी उपराष्ट्रपति जेडी भेन्सले बुधबार वासिङ्टनमा डेनमार्कका विदेशमन्त्री लार्स लोके रासमुसेन र ग्रिनल्याण्डकी विदेशमन्त्री भिभियन मोट्जफेल्टसँग भेटवार्ता गर्ने तय भएको छ ।

नुककी २२ वर्षीया विद्यार्थी टुटा मिकेल्सनले अमेरिकी अधिकारीहरूले 'पछाडि हट्ने' सन्देश बुझून् भन्ने चाहना व्यक्त गरे । उनका अनुसार ग्रिनल्याण्डवासीहरू डेनमार्कसँगको सम्बन्ध र त्यहाँबाट प्राप्त निःशुल्क स्वास्थ्य सेवा तथा शिक्षाबाट सन्तुष्ट छन् ।

ग्रिनल्याण्डका प्रधानमन्त्री जेन्स-फ्रेडरिक निल्सनले कोपनहेगनमा पत्रकार सम्मेलन गर्दै यदि छनोट गर्नुपर्ने अवस्था आयो भने ग्रिनल्याण्डले डेनमार्क, नाटो र युरोपेली संघ (इयू) रोज्ने स्पष्ट गरे । यसप्रति प्रतिक्रिया दिँदै ट्रम्पले उनीसँग असहमति जनाउँदै ती भनाइ निल्सनसँगै समस्या बन्ने चेतावनी दिएका थिए ।

जलवायु परिवर्तनका कारण बरफ पग्लँदै जाँदा ग्रिनल्याण्ड रणनीतिकरूपमा अझ महत्त्वपूर्ण बन्दै गएको छ । छोटा व्यापारिक मार्ग खुल्ने सम्भावना र दुर्लभ खनिज स्रोतका कारण यस क्षेत्रप्रति चासो बढेको हो । ट्रम्पले रूसी र चिनियाँ जहाजबाट खतरा रहेको दाबी गरेका छन्, तर स्थानीय बासिन्दा र विज्ञहरूले यस्तो दाबीलाई अतिरञ्जित भनेका छन् ।

इञ्जिनियर लार्स भिन्टनरले आफूले कहिल्यै रूसी वा चिनियाँ जहाज नदेखेको बताउँदै सुरक्षा बहानामात्र भएको दाबी गरे । उनका मित्र हान्स नोर्गार्डले पनि ट्रम्पको भनाइलाई 'कल्पना' मात्र भएको टिप्पणी गरे र आक्रामक अभिव्यक्तिविरुद्ध प्रहरीमा उजुरीसमेत दायर गरेको जानकारी दिए ।

डेनमार्कले अमेरिकाले ग्रिनल्याण्डमा आफ्नो सैन्य उपस्थिति विस्तार गर्न सक्ने बताएको छ, तर टापुको स्वामित्व परिवर्तन अस्वीकार्य रहेको स्पष्ट पारेको छ । ग्रिनल्याण्डकी व्यापार तथा खनिज स्रोतमन्त्री नाजा नथानियलसेनले नाटो सहयोगीको भूभागबारे यस्तो छलफल हुनु 'अकल्पनीय' भएको बताउँदै अमेरिकी प्रशासनलाई स्थानीय जनताको आवाज सुन्न आग्रह गरे । वासिङ्टनको बैठकपछि डेनमार्क र ग्रिनल्याण्डका अधिकारीहरू अमेरिकी कंग्रेसका आर्कटिक ककस सदस्यहरूसँग पनि भेट्ने छन् । यसैबीच, केही अमेरिकी सांसदहरूले ग्रिनल्याण्ड वा कुनै पनि नाटो सदस्यको सार्वभौम क्षेत्र कब्जा गर्न संघीय कोष प्रयोग गर्न नपाइने कानुनी प्रस्ताव अघि सारेका छन् ।

युरोपेली नेताहरूले पनि ग्रिनल्याण्ड आफ्नै जनताको हो भन्ने अडान दोहोर्‍याएका छन् । फ्रान्सले फेब्रुअरी ६ मा ग्रिनल्याण्डमा वाणिज्य दूतावास खोल्ने योजना सार्वजनिक गर्दै टापुप्रतिको कूटनीतिक चासो अझ स्पष्ट बनाएको छ । *रासस/एपी*


**CUREX PHARMACEUTICALS PVT. LTD.**
(A WHO-GMP, ISO 9001:2008 & ISO 14001:2004 Certified Company.)

यस क्युरेक्स फर्मास्युटिकलल्स प्रा. लि. बाट उत्पादित औषधिहरूको निम्नानुसारको बजार दररेट तथा बिक्रि मूल्य निर्धारण गरि यो दररेट राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिएको छ, यदि यी औषधिहरु कुनै संघ संस्था वा नेपाल सरकार अन्तर्गत का कार्यालयले खरिद गर्नु परेमा यस कम्पनीका आधिकारिक बिक्रेता **श्री त्रिवेणी सर्जिकल सप्लायर्स प्रा. लि., ईमाडोल, ललितपुर** भ्याट नम्बरः ६०१२८८६०३ र फोन नं. ९८५११०७३२७ भएकासँग खरिद गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**CUREXPHARMACEUTICAL'S PRODUCT RATE LIST (FY: 2082-2083)**

| S. No. | Generic Name | Rate (NPR) |
|---|---|---|
| 1 | Acyclovir 5 gm Ointment, 200mg/400 mg Tab | 80.00/10.00/20.00 |
| 2 | Albendazole 400 mg Tab/Susp. | 10.00/18.00 |
| 3 | Alprazolam 0.25mg/0.5mg Tab. | 1.70/3.40 |
| 4 | Amitriptyline 10/25mg Tab | 2.40/3.80 |
| 5 | Amlodipine +Losartan Potassium L 27.5/55mg Tab. | 6.00/12.00 |
| 6 | Amlodipine 2.5mg/5mg/10 mg. Tab. | 2.30/5.00/8.00 |
| 7 | Amoxycillin 125mg/250mg/500mg/60ml/90ml-Dry/Syr | 3.00/5.00/8.00/80.00/110.00 |
| 8 | Antacid Tab/Gel | 4.00/121.00 |
| 9 | Anticold Tab/Susp | 3.00/50.00 |
| 10 | Atenolol 25/50/100 mg Tab | 2.00/3.50/5.00 |
| 11 | Atorvastatin 10/20mg Tab | 10.78/20.60 |
| 12 | Azithromycin 250mg/500mg Tab., 100mg/200mg Susp | 17.45/30.00/110.00/160.00 |
| 13 | Benzoic acid + Salicylic acid 30gm | 65.00 |
| 14 | Calamine Lotion 30/100ml | 45.00/110.00 |
| 15 | Calcium 500 mg. Tab/Susp. | 6.00/100.00 |
| 16 | Cefixime 100mg/200mg/400mg Tab./60ml Syrup | 16.00/20.00/50.00/180.00 |
| 17 | Cefpodoxime 200mg Tab. /60ml Syrup | 25.00/170 |
| 18 | Cetirizine Hcl10 mg Tab. 30ml Susp. (5mg/5ml) | 4.00/55.00 |
| 19 | Chloramphenicol 500 mg Cap/Syrup | 14.00/100 |
| 20 | Chlorhexidine Gluconate 4 % w/w 3gm/5gm Ointment | 20.00/30.00 |
| 21 | Chlorpheniramine Maleate 4mg | 1.50 |
| 22 | Ciprofloxacin 250mg/ 500mg Tab | 6.00/8.00 |
| 23 | Clotrimazole Cream 15g Tube/Pessary Tab./Vaginal Oint. | 55.00/11.00/80.00 |
| 24 | Cloxacillin Sodium 250mg/500mg Cap/Dry Syrup 90ml | 5.00/13.00/130.00 |
| 25 | Diclofenac 50 mg Tab/30 gm Gel/Mouth Wash 100 ml | 4.00/95.00/110 |
| 26 | Domperidone 10 mg Tab/Susp. | 5.00/50.00 |
| 27 | Empagliflozin 10/25 mg. Tablet | 25/30 |
| 28 | Esomeprazole 40mg Tablet | 11.00 |
| 29 | Ferrous Salt + Folic acid (iron) Tab. | 3.00 |
| 30 | Fexofenadine 120/180 mg Tablet & 100 ml Susp. | 11.00/16.00/150 |
| 31 | Fluconazole 150mg Cap | 24.00 |
| 32 | Folic Acid 5mg Tab. | 2.25 |
| 33 | Frusemide 40 mg Tab. | 1.50 |
| 34 | Gabapentin 100/300 mg. Capsule | 6.00/15.00 |
| 35 | Gamma Benzene Hexachloride 60ml lotion | 75.00 |
| 36 | Glimepiride 1mg/2mg Tab | 4.00/8.60 |
| 37 | Hand Sanitizer Liquid 500ml/ 5 Ltr. | 450/3000 |
| 38 | Hydrochlorothiazide 12.5/25mg Tab | 1.25/3.00 |
| 39 | Hyoscine Butyl Bromide 10mg /20mg Tab | 12.00/24.00 |
| 40 | Ibuprofen 200mg/400mg Tab | 2.00/4.00 |
| 41 | Iron (III) polymaltose & Folic Acid Tablet/syr. | 8.00/140.00 |
| 42 | Iron Syrup 200 ml/ Cap | 140.00/4.50 |
| 43 | Itraconazole 100 mg Cap | 40.00 |
| 44 | Levocetirizine Tab/Susp. | 6.00/65.00 |
| 45 | Losartan 50 mg + Hydro chlorothiazide 12.5 mg tablet | 13.00 |
| 46 | Losartan Potassium 25mg/50mg Tab | 4.40/7.60 |
| 47 | Mefenamic Acid 250 mg + Dicyclomine 10 mg Tablet | 8.00 |
| 48 | Mefenamic Acid Tablet | 5.00 |
| 49 | Met Glip GP 1 Forte (Metformin 1000 mg and Glimepiride 1 mg Tablet) | 11.00 |
| 50 | Met Glip GP 2 Forte (Metformin 1000 mg and Glimepiride 2 mg Tablet) | 18.33 |
| 51 | Met Glip GP 1 (Metformin 500mg + Glimepiride 1 mg Tab.) | 9.00 |
| 52 | Met Glip GP2 (Metformin 500mg + Glimepiride 2 mg Tab.) | 14.53 |
| 53 | Metformin 1000 mg + Sitagliptin 50 mg. Tablet | 29.00 |
| 54 | Metformin 500 mg + Sitagliptin 50 mg. Tablet | 26.00 |
| 55 | Metformin 500mg/850 mg/1000 mg Tab | 2.00/3.50/6.00 |
| 56 | Metformin 850 mg + Sitagliptin 50 mg. Tablet | 27.00 |
| 57 | Metoprolol Succinate 25/50 mg Tab.) | 7.00/10.00 |
| ५८ | Metronidazole (100mg/5ml) 60ml Susp/200/400 mg Tab | 60.00/2.00/3.00 |
| 59 | Montelukast 10 mg + Levocetirizine 5 mg. Tab | 20.00 |
| 60 | Montelukast 4 mg + Levocetirizine 2.5 mg. Sus. | 135.00 |
| 61 | Multivitamin Cap | 6.00 |
| 62 | Neomycin Cream 15 mg. | 60.00 |
| 63 | Nimesulide Tab/30 gm Gel | 3.00/90.00 |
| 64 | Ofloxacin 100/200/400mg Tab/60ml Susp. | 5.50/7.00/8.00/90.00 |
| 65 | Omeprazole 20mg Cap | 4.00 |
| 66 | Ondansetron 4mg/8mg Tablet /Susp | 7.00/10.00/70.00 |
| 67 | ORS | 10.00 |
| 68 | Pantoprazole 40 mg. Tab. | 8.00 |
| 69 | Pantoprazole 40 mg+ Domperidone 30 mg. Cap. | 16.00 |
| 70 | Paracetamol 500 mg & chlorzoxazone 250mg/500 mg Tablet | 5.50/8.80 |
| 71 | Paracetamol & Caffeine Tablet | 2.50 |
| 72 | Paracetamol & Ibuprofen Tab/Susp. | 2.00/30.00 |
| 73 | Paracetamol 125 mg-60 ml Susp./500 mg Tab/Drop | 30.00/1.00/30.00 |
| 74 | Permethrin 5 % W/V 15/30 gm ointment) | 60.00/125.00 |
| 75 | Permethrin 5 % W/V 50/100 ml Lotion | 80.00/160.00 |
| 76 | Povidone Iodine 10% 30ml/60ml/100ml/450 ml Solution | 65.00/95.00/150.00/380.00 |
| 77 | Povidone Iodine 5% 30ml/100ml/450ml/15 gm ointment | 45.00/110.00/275.00/50.00 |
| 78 | Povine Gargle 60ml/100 ml M/wash | 65.00/110.00 |
| 79 | Pregabalin -75, Methylcarbylamine 750/1500 Cap | 22.00/33.00 |
| 80 | Pregabalin 75/150 Cap | 16.50/23.00 |
| 81 | Ramipril 2.5mg/5mg/10 mg. Tab | 5.5/9.00/15.50 |
| 82 | Ranitidine HCL 150Mg Tab. | 3.00 |
| 83 | Rosuvastatin 10mg/20 mg Tab | 17.00/35.00 |
| 84 | Salbutamol 4mg Tab/100 ml Syr. | 2.00/55.00 |
| 85 | Serrati peptidase 10 mg Tablet | 10.00 |
| 86 | Silver Sulphadiazine Cream 15gm | 75.00 |
| 87 | Sulpha + Trimeth 480mg/960 mg-Tab/Susp. | 4.00/6.00/70.00 |
| 88 | Terbutaline Sulphate 1.2mg + Bromhexine Hydrochloride 4mg 60ml/100 ml Syrup | 85.00/140 |
| 89 | Tinidazole 500mg/1000 mg Tablet | 5.00/11.00 |
| 90 | Vitamin B Complex Tab. | 5.00 |
| 91 | Vitamin B Complex With Zinc Cap/100ml/200ml Syr. | 6.00/90.00/170.00 |
| 92 | Vitamin D 60K Softgel | 50.00 |
| 93 | Vitamin E 400/600 Softgel | 8.00/9.50 |

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - २७८००० | प्रति तोला - ० | प्रति तोला - ५३५५ |



**आलु खेती** काभ्रेपलाञ्चोकको धुलिखेल नगरपालिका-१२ स्थित शुंखु फाँटमा आलु रोप्दै गरेका स्थानीय किसान। आलु उम्रिएपछि चिसोबाट जोगियोस् भन्ने उद्देश्यले केही हप्ता ढिलागरी रोपेको यहाँका किसान बताउँछन्। *तस्बिर : राजकुमार पराजुली/रासस*

# 'पर्वतारोहण संघको अधिकार कटौती नगरौं'

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** प्रस्तावित नयाँ पर्यटन विधेयकमा नेपाल पर्वतारोहण संघको अधिकार कटौती गर्न खोजिएको भन्दै सांसदहरूले गम्भीर आपत्ति जनाएका छन्।

राष्ट्रियसभा अन्तर्गतको विधायन व्यवस्थापन समितिको बुधबारको बैठकमा 'पर्यटन विधेयक २०८२' माथिको दफावार छलफलका क्रममा संशोधनकर्ता सांसदहरूले संघको भूमिकालाई कमजोर बनाउन नहुनेमा एकमत जाहेर गरेका हुन्।

विसं २०३५ को ऐनले पर्वतारोहण संघलाई दिएको स्पष्ट कानुनी अधिकार र स्वायत्ततालाई नयाँ विधेयकले बेवास्ता गरेको सांसदहरूको ठहर छ। छलफलमा सहभागी गंगाकुमारी बेल्वासे, सुरेशकुमार आले मगर, सोनाम गेल्जेन शेर्पा र डा. बेदुराम भुसालगायतका सांसदहरूले दशकौंदेखि हिमाल आरोहणको अनुमति, तालिम र अन्तर्राष्ट्रिय समन्वयमा संघले हासिल गरेको विज्ञतालाई नयाँ कानुनले समेट्नुपर्ने माग गरे। उनीहरूका अनुसार विगतमा संघको सदस्यताविना सरदार वा पथप्रदर्शकहरू आरोहणमा जान नपाउने र निश्चित हिमालको अनुमति संघले नै दिने व्यवस्थाले नेपालको पर्वतीय पर्यटनलाई विश्वस्तरमा विश्वसनीय बनाएको थियो।

नयाँ विधेयकको दफा २८ मा पर्वतारोहण संघको नाम नै किटान नगरी 'मन्त्रालयले तोकेको संस्था' भन्ने भाषा प्रयोग गरिएको प्रति सांसदहरूले असन्तुष्टि पोखेका छन्। यसले गर्दा पर्वतारोहण क्षेत्रमा अन्योल र असन्तुष्टि बढ्ने र त्यसको प्रत्यक्ष असर नेपालको पर्यटन उद्योगमा पर्ने उनीहरूको दाबी छ। पुरानो कानुनमा भएको व्यवस्था हटाउँदा विकल्पविहीन अवस्था सिर्जना हुने भन्दै सांसदहरूले संस्थाको अनुभव र क्षमतालाई कानुनी मान्यता दिनुपर्नेमा जोड दिएका छन्।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हाले भने विधेयकको ऐतिहासिक पृष्ठभूमि र बदलिँदो संघीय ढाँचाबीच समन्वय आवश्यक रहेको बताएका छन्। समितिकी सभापति तुलसाकुमारी दाहालले पनि पुरानो ऐन र नयाँ विधेयकबीचको अन्तर गम्भीर रहेको स्वीकार गर्दै यसबारे मन्त्रालयसँग थप स्पष्टता र जवाफ माग गरेकी छिन्।

# अत्यधिक चिसो बढेपछि यारी भन्सार कार्यालय तीन महिनाका लागि बन्द

■ **प्रभाव संवाददाता**

**अदानचुली -** हिल्सास्थित यारी नाका भन्सार कार्यालय तीन महिनाका लागि बन्द गरिएको छ। अत्यधिक जाडोका कारण हिल्सामा रहेको चीनको ताक्लाकोटबाट व्यापारी र अन्य सामग्रीको आयात रोकिएर कारोबार नभएपछि तीन महिनाका लागि भन्सार कार्यालय बन्द गरिएको हो।

यही पुसबाटै चीनको ताक्लाकोटबाट व्यापारी र सामानहरू आयात हुन छोडेपछि पुसको दोस्रो हप्ताबाट यारी नाका भन्सार कार्यालय बन्द गरेर कर्मचारी सदरमुकाम सिमकोटको सम्पर्क कार्यालयमा आइपुगेका कार्यालयका प्रमुख रामराज जैसीले बताए।

उनले चीनको ताक्लकोटबाट सामानहरू आयात हुन छाडेपछि भन्सार विभागसँगको समन्वयमा कार्यालय बन्द गरेर आफूहरू जिल्ला सदरमुकाम सिमकोट झरेको जानकारी दिए।

यस वर्ष हिमपात नभए पनि नारा सडकखण्ड गएको गत कात्तिकमा परेको हिउँले बरफ जमेर सडक अवरुद्ध गरेपछि यातायात सेवासमेत बन्द भएको छ। यसको कारण चीनको ताक्लाकोटबाट सामानहरू आयात हुनसमेत छोडेको प्रमुख जैसीले बताए। कारोबार नहुने भएपछि कर्मचारी हिल्सामा कार्यालय कुर्नुभन्दा सदरमुकाम सिमकोटको सम्पर्क कार्यालयमा झरेका हुन्। चीन तर्फको नाकालाई खुल्लै राखेको भन्सार कार्यालयका प्रमुख जैसीले बताए। उनका अनुसार आगामी चैत दोस्रो हप्ता कर्मचारी यारी नाका भन्सार कार्यालयमा फिर्ता भएपछि पुनः नाका सञ्चालनमा आउने छ। गत साउन महिनायता यारी नाका भन्सार कार्यालयले रु १८ लाख ६५ हजार राजस्व असुली गरेर गत वर्षको भन्दा यस वर्ष कार्यालयले दोब्बर राजस्व उठाएको बताए।

# कामपाको तीन वर्षको आयव्यय प्रक्षेपण

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले आगामी तीन वर्षको आयव्यय प्रक्षेपण गरेको छ। बुधबार कामपाको उपप्रमुख एवं राजस्व परामर्श समितिका संयोजक सुनिता डंगोलको अध्यक्षतामा बसेको बैठकले, आन्तरिक आयका स्रोत, राजस्वको क्षेत्र र दायरा तथा खर्चको लेखाजोखा गर्दै आयव्यय प्रक्षेपण गरेको हो।

बैठकले आव २०८३/८४ का लागि रु १५ अर्ब १३ करोड ३० लाख ५५ हजार, आव २०८४/८५ का लागि रु १५ अर्ब ५१ करोड ८१ लाख ६० हजार र आव २०८५/८६ का लागि रु १५ अर्ब ९८ करोड ८६ लाख ६५ हजार आय अनुमान गरेको छ।

कामपाको आव २०८१/८२ को यथार्थ आय रु १० अर्ब ७४ करोड ४४ लाख ५४ हजार हो। कामपाले चालु आर्थिक वर्षका लागि रु १५ अर्ब ११ करोड ४३ लाख ४१ हजार आय लक्ष्य राखेको छ। जसमध्ये अहिलेसम्ममा रु पाँच अर्ब ६९ करोड आय सङ्कलन भएको छ।

व्ययतर्फ आव २०८३/८४ का लागि रु २७ अर्ब ६२ करोड ५७ लाख ७५ हजार एक सय, आव २०८४/८५ का लागि रु ३० अर्ब ३८ करोड ८३ लाख ५२ हजार ६१० र आव २०८५/८६ का लागि रु ३३ अर्ब ४२ करोड ७१ लाख ८७ हजार ८७१ अनुमान गरिएको छ।

## कर्पोरेट

### नागरिक लगानी कोषको ३१ औं साधारणसभा



**काठमाडौं (प्रस)–**नागरिक लगानी कोषको ३१ औं वार्षिक साधारणसभा कोष सञ्चालक समितिका अध्यक्ष तुलसीप्रसाद घिमिरेको अध्यक्षतामा सम्पन्न भएको छ। सभाले आर्थिक वर्ष २०८१/८२ को आम्दानी बाँडफाँट हिसाब विवरणमा छुट्याइएको प्रस्तावित पाँच प्रतिशत बोनस सेयर र ८ प्रतिशत नगद लाभांशको प्रस्ताव पारित गरेको छ।

त्यसैगरी आव २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदनमाथि छलफल भई पारित भएको छ। योसँगै लेखापरीक्षकको प्रतिवेदनसहितको २०८२ असार मसान्तको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरणमा छलफल गरी पारित भएको हो। सभामा कोष सञ्चालक समितिका अध्यक्ष घिमिरेले कोषको कार्यक्रममा नसमेटिएका स्वरोजगार तथा वैदेशिक रोजगारमा रहेका सर्वसाधारणहरूलाई समेट्ने गरी नागरिक पेन्सन योजनालाई प्रवर्द्धन गर्दै लैजाने योजना रहेको बताए। आगामी दिनमा कोषले बचत संकलनको दायरा बिस्तार गर्दै जानेमा उनले जोड दिए।

कोषले नेपाल सरकारका प्राथमिकतामा रहेका परियोजनामा लगानी बढाउने, सहभागीहरूलाई प्रदान गर्दै आएको सहभागी कर्जालाई विस्तार गर्ने, सेयर धितो कर्जा प्रदान गर्ने, जोखिम विश्लेषण गरी उपयुक्त पूर्वाधार सम्बन्धी परियोजनामा लगानी बढाउँदै लैजानेमा उनले जोड दिए। साधारणसभामा सेयरधनीहरूबाट उठाइएका जिज्ञासाहरूको बारेमा कोषका कार्यकारी निर्देशक पर्वतकुमार कार्कीले जवाफ दिए। उनले कोषको वस्तुस्थिति बारे बताउँदै सेयरधनीहरूबाट उठाइएका जिज्ञासा तथा सुझावहरूलाई आगामी दिनमा पूरा गर्दै लैजाने प्रतिबद्धता व्यक्त गरे। उनले कोषले गत वर्षदेखि नागरिक लगानी कोष ऐनले निर्दिष्ट गरेको समयावधि भित्रै साधारणसभा गर्न सफल भएको बताए। अबको युग डिजिटल युग भएकाले कोषले पनि सोही अनुसार कार्य गरिरहेको समेत उनले बताए। कार्यकारी निर्देशक कार्कीले हाल अधिक तरलताको कारण कोषको मौज्दात रकमलाई पूर्ण रूपमा परिचालन गर्न चुनौतीपूर्ण रहेको विषय उल्लेख गरे।

कोषले लगानी विविधीकरणका लागि विभिन्न नीतिगत व्यवस्था गरेको, नागरिक लगानी कोष ऐन संशोधनको प्रक्रियामा लगेको, विभिन्न जलविद्युत आयोजनामा लगानीका लागि कार्य अघि बढाएको एवम् उत्पादनशील क्षेत्रमा कर्जा विस्तार गर्न आवश्यक गृहकार्य भइरहेको उनले बताए।

### प्रोग्रेसिभ फाइनान्सको २९औं वार्षिक साधारणसभा

**काठमाडौं (प्रस)–** प्रोग्रेशिभ फाइनान्स लिमिटेडले २०८२ पौष ३० गते बुधबार २९औं बार्षिक साधारण सभा सम्पन्न गरेको छ। संस्थाका अध्यक्ष लक्ष्मी प्रसाद महर्जनको अध्यक्षतामा सम्पन्न भएको साधारण सभामा सञ्चालक समितिका तर्फबाट प्रतिवेदन पेश गर्दै अध्यक्ष महर्जनले संस्थाले आर्थिक वर्ष २०८१/८२ मा सम्पन्न भएका कार्यक्रम तथा गतिविधिहरू बारे प्रकाश पारे।

उनले चालू आर्थिक वर्षमा संस्थाले सञ्चालन गरेका तथा आगामी आर्थिक वर्षमा संस्थाले सञ्चालन गर्ने कार्यक्रम तथा योजनाहरूहरूबारे जानकारी दिनुभयो। साधारण सभामा वार्षिक प्रतिवेदनका सम्बन्धमा उठेका प्रश्न एवं जिज्ञाशाहरूको जवाफ दिँदै अध्यक्ष महर्जनले हाल वित्तीय क्षेत्रमा देखिएका चुनौतिहरूका कारण संस्था अपेक्षित रूपले व्यवसाय वृद्धि गर्न नसकेतापनि अनुपालना, व्यवसायिक गुणस्तर अभिवृद्धि, वित्तीय सुशासन, जोखिम व्यवस्थापन जस्ता क्षेत्रहरूमा अपेक्षित प्रगति हासिल गरिरहेको जानकारी गराए। उनले शेयरधनीहरूबाट प्राप्त सल्लाह तथा सुझावहरू प्रति कृतज्ञता व्यक्त गर्दै आगामी दिनहरूमा यस्ता सुझावहरू कार्यान्वयन गर्दैजाने प्रतिबद्धता व्यक्त गरे।



साधारण सभाले आर्थिक वर्ष २०८१/८२को वित्तीय अवस्थाको विवरण, नाफा/नोक्सान विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरणका साथै सम्पूर्ण अनूसूचीहरू सहितको वित्तीय विवरणहरू छलफल पश्चात स्वीकृत गरेको छ। साथै २०८२/८३का निम्ति बाह्य लेखापरीक्षकका रूपमा डी.जी एण्ड एशोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस्लाई नियुक्ति गर्ने प्रस्ताव स्वीकृत गरेको छ। वित्तीय संस्थाले हाल २३ वटा शाखा कार्यालय तथा चारवटा एक्सटेन्सन काउन्टरहरू मार्फत नवीनतम प्रविधिहरू उपयोग गरी आफ्ना सेवाहरू प्रवाह गरिरहेको छ।

### रिलायन्स फाइनान्सको वार्षिक साधारणसभा



**काठमाडौं (प्रस)–** रिलायन्स फाइनान्स लिमिटेडको सोह्रौं बार्षिक साधारण सभा सम्पन्न भएको छ। साधारणसभाको संस्थाका अध्यक्ष कुश प्रसाद मल्लीले पानसमा दिप प्रज्वलन गरि कार्यक्रमको उद्घाटन गरे।

उक्त साधारण सभामा संस्थाको तर्फबाट प्रस्तुत गरिएको आ.व.२०८१/०८२ को सोह्रौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आ.व.२०८१/८२ आषाढ मसान्तसम्मको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू, बाह्य लेखापरिक्षकको नियुक्ती तथा विशेष प्रस्ताब तर्फ वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने (मर्जर), प्राप्ती गर्ने सम्बन्धमा संचालक समितिलाई अख्तियारी दिने प्रस्तावलाई सर्वसम्मत रूपमा पारित गरियो।

विगत बर्षमा यस संस्थाको वित्तीय विवरण तथा व्यबसायमा उतार चढाब भएता पनि गत आर्थिक बर्षको तुलनामा यस चालु आ.ब.मा संस्थाको निक्षेपमा १.०३ प्रतिशतले बृद्धि भई रु.८६४ करोड पुगेको छ भने कर्जामा ८.७० प्रतिशतले बृद्धि भई रु.७०९ करोड पुगेको छ त्यस्तै संस्थाको मुनाफामा ६१ प्रतिशतले बृद्धी रु.६ करोड ८६ लाख पुगेको छ। संस्थाले कर्जा असूलीको कार्यलाई योजनाबद्ध ढंगले प्रभावकारी बनाउदै लगिसकेको छ।

उक्त साधारण सभामा संस्थाका शेयरधनी डा. बालकृष्ण चापागाई र शेयरधनी दिपक आचार्यज्यूले बार्षिक प्रतिवेदन उपर छलफल गरि साधारण सभा सफलताको कामना गरे। वार्षिक साधारण सभामा यस संस्थामा १० बर्ष भन्दा बढी संचालक भई योगदान पुयाउनु भएका पूर्व संचालक विष्णुमान जोशीलाई सम्मान गरि कदर पत्र प्रदान गरिनु का साथै यस संस्थामा १० बर्ष भन्दा बढी सेवा गरि सकेका कर्मचारीलाई सम्मान गरिएको थियो।

### सेन्ट्रल फाईनान्सको वार्षिक साधारणसभा सम्पन्न



**काठमाडौं (प्रस)–** सेन्ट्रल फाईनान्स लिमिटेडको २९ औं वार्षिक साधारण सभा २०८२ पौष ३० गते बुधबार सम्पन्न भएको छ। नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्थाको रूपमा विगत २९ वर्षदेखि गुणस्तरीय बैंकिङ्ग सेवा दिंदै आएको यस संस्थाको ललितपुरको कुपण्डोल कानदेवस्थानमा केन्द्रीय कार्यालय तथा काठमाण्डौ शाखासहित काठमाण्डौको चावहिल र गोंगबु गणेशस्थान, चितवनको नारायणगढ, रूपन्देहीको बुटवल र भैरहवा, भक्तपुरको च्याम्हासिंह, महोत्तरीको बर्दिबास, नवलपरासीको बर्दघाट, बाराको सिमरा, सिन्धुलीको भिमान र डकाहा, सर्लाहीको लालबन्दी, धनुषाको जनकपुर, सुनसरीको ईटहरी, झापाको बिर्तामोड, पर्साको वीरगञ्ज, मोरङ्गको विराटनगर र रौतहटको चन्द्रपुरमा गरी जम्मा १९ वटा शाखा र भक्तपुरको सल्लाघारीमा १ एक्सटेन्सन काउण्टर सञ्चालनमा रहेको छ।

संस्थाले सेन्ट्रल स्मार्ट मोबाइल बैंकिङ्ग एप, एटीएम डेबिट कार्ड, चेक क्लियरिङ्ग, आईपीएस, कनेक्ट आईपीएस, कर्पोरेट पे, आरटिजीएस, मर्चेन्ट क्यूआर पेमेन्ट, क्यूआर टेलर रेमिट्यान्स सेवा, सी-आस्वा जस्ता आधुनिक बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ। संस्थाले आधुनिक प्रविधिको उच्चतम प्रयोग गरी थप डिजिटल बैंकिङ्ग सेवा प्रदान गर्दै लैजाने लक्ष्य लिएको छ। ग्राहकहरूको बैंक खाता, वालेट, क्यूआर जस्ता विद्युतीय रकमान्तर तथा भुक्तानीका माध्यममा सहज पहुंचको व्यवस्था पनि मिलाएको संस्थाको विभिन्न शाखा कार्यालयहरूमा एटीएम सेवा पनि सञ्चालनमा रहेको छ। चुक्ता पूंजी रु. ९४ करोड ८८ लाख ७५ हजार रहेको संस्थाको हाल निक्षेप रु. ८ अर्व २८ करोड र कर्जा रु. ५ अर्व ८ करोड रहेको छ।

# नेप्सेमा सामान्य सुधार

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा झिनो अंकको सुधार देखिएको छ। नेप्से परिसूचक एक दशमलव ५२ अंकले बढेर दुई हजार ६४१ दशमलव ४३ को विन्दुमा कायम भएको हो।

३२० कम्पनीको एक करोड २५ लाख चार हजार ९७० कित्ता शेयर ७२ हजार ६७१ पटक खरिदबिक्री हुँदा रु छ अर्ब २० करोड ९४ लाख ३८ हजार ९०६ दशमलव ३७ को कारोबार भएको नेप्सेले जनाएको छ।

कारोबारमा विकास बैंक शून्य दशमलव शून्य एक, वित्त दुई दशमलव ५५, होटल तथा पर्यटन शून्य दशमलव ३१, जलविद्युत् शून्य दशमलव शून्य सात, लगानी शून्य दशमलव ११, म्युचुअल फण्ड शून्य दशमलव शून्य आठ, निर्जीवन बिमा शून्य दशमलव ३८ र व्यापार समूह शून्य दशमलव ६७ प्रतिशतले बढेको छ। अरु सबै समूहको उपसूचक घटेको छ। बैंकिङ शून्य दशमलव शून्य आठ, जीवन बिमा शून्य दशमलव शून्य एक, उत्पादन तथा प्रशोधन शून्य दशमलव ४१, लघुवित्त शून्य दशमलव शून्य पाँच र अन्य समूह शून्य दशमलव १३ प्रतिशतले घटेको छ। सुपर मादी हाइड्रोपावर लिमिटेडको शेयर मूल्य सबैभन्दा बढी नौ दशमलव ९४ प्रतिशतले बढेको छ भने सबैभन्दा बढी आइसिएफसी फाइनान्स लिमिटेड डिबेन्चर-२०८८ तीन दशमलव ३० प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी राधी विद्युत् कम्पनी लिमिटेडको रु २६ करोड २४ लाख चार हजार १८४ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा भने दोर्दीखोला जलविद्युत् कम्पनी लिमिटेडको सबैभन्दा बढी छ लाख ७१ हजार ११८ कित्ता शेयर खरिदबिक्री भएको छ।

# भिमादमा 'किसानसँग नगरप्रमुख' कार्यक्रम सञ्चालन

**दमौली (प्रस)–** भिमाद नगरपालिकाले कृषि तथा पशुपालन क्षेत्रको विकास र विस्तार गर्दै किसानलाई व्यावसायिक बनाउने उद्देश्यले 'किसानसँग नगरप्रमुख' कार्यक्रम सञ्चालन गर्ने भएको छ। स्थानीयको जीवनयापनसँग प्रत्यक्ष जोडिएको भरपर्दो आयआर्जनको स्रोत कृषि व्यवसाय भएकाले नगरपालिकाले यस क्षेत्रमा विशेष जोड दिएको नगरप्रमुख दधिराज सुवेदीले बताए। नगरपालिकाको भौगोलिक अवस्थालाई मध्यनजर गर्दै कृषि तथा पशुपालनमै आधारित कार्यक्रम ल्याइएको नगरप्रमुख सुवेदीले जानकारी दिए।

उनले भने, 'कृषि तथा पशुपालनको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै किसानको जीविकोपार्जनमा सुधार ल्याउने तथा नगरपालिकालाई यस क्षेत्रमा आत्मनिर्भर बनाउने हाम्रो लक्ष्य हो।'

कार्यक्रमअन्तर्गत नगरप्रमुखसहित जनप्रतिनिधि र सम्बन्धित शाखाका प्रमुख प्रत्यक्ष रूपमा किसानसँग भेटघाट गरी उनीहरूको अवस्था, समस्या र आवश्यकताबारे जानकारी लिने तथा समाधानतर्फ पहल गरिनेछ। उक्त कार्यक्रम आगामी माघबाट नगरपालिकाका सबै वडामा सञ्चालन गरिने जनाइएको छ।

नगरप्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा कृषि र पशु सेवा शाखाका प्रमुखबीच बसेको बैठकले माघको पहिलो हप्तादेखि नियमित रूपमा किसानको घरदैलोमा सेवा प्रवाह गर्ने निर्णय गरेको हो। कार्यक्रममार्फत किसानले जनप्रतिनिधि तथा कृषि-पशु सेवा शाखाका कर्मचारीसँग प्रत्यक्ष भेट गरी आफ्ना सुझाव र समस्या राख्न पाउनेछन्।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ